दर्ता नं. २०९१/०६५/०६६

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

# DEV DARSHAN SAVING & CREDIT CO-OPERATIVE LTD.

# 15TH

ANNUAL REPORT 022-023

# पन्ध्रौं वार्षिक प्रतिवेदन

## आ.व. २०७९/८०

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि-५, दाउराडिपो, काठमाडौं ।

## सञ्चालक समिति



राम नारायण घिमिरे
अध्यक्ष



बेली मैंया घले
उपाध्यक्ष



राम तामाङ्ग
सचिव



राजु कार्की
कोषाध्यक्ष



तीर्थ कुमार लामा
सदस्य



लक्ष्मण बलामी
सदस्य



नानु थापा (पण्डित)
सदस्य

## लेखा समिति



बिमल बिक्रम बानियाँ
संयोजक



बसन्त महर्जन
सदस्य



माधव प्रसाद रेग्मी
सदस्य

## ऋण उपसमिति



राम तामाङ्ग
संयोजक



रवि कार्की
सदस्य



पूर्ण प्रसाद श्रेष्ठ
सदस्य

## कानूनी सल्लाहकार



अधिवक्ता सिताराम राउत

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | सञ्चालक समितिको प्रतिवेदन | ५-१३ |
| २. | लेखा परिक्षकको प्रतिवेदन | १४-१६ |
| ३. | वित्तिय स्थितिको विवरण | १७ |
| ४. | नाफा नोक्सान हिसाब | १८ |
| ५. | नगद प्रवाद विवरण | १९ |
| ६. | इक्विटी विवरण | २० |
| ७. | प्रमुख लेखा नीति तथा टिप्पणीहरू | २१-४१ |

## देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. चन्द्रागिरि-५, काठमाडौंको पन्धौं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

**सदस्य महानुभावहरू,**

यस देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. चन्द्रागिरि-५, काठमाडौंको मिति २०८०/०७/२४ गते शुक्रबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको पन्धौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरि पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण सदस्य महानुभावहरूको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, स्थान र समय:**

| उपस्थिति खुल्ला सभा | निर्णय प्रमाणिकरण सभा |
|---|---|
| मिति : २०८० पौष ८ गते आइतबार ।<br>स्थान : संस्थाको कार्यालय भवन।<br>समय : विहान १०:०० बजे देखि पौष १३ गते शुक्रबार कार्यालय समय सम्म । | मिति : २०८० पौष १४ गते शनिबार ।<br>स्थान : ग्रिनल्याण्ड ब्याङ्क्वेट, चन्द्रागिरि-७<br>समय : विहान ११:३० बजे । |

**साधारण सभामा छलफल हुने विषयहरू:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संस्थाको आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३ चालू आ.व. २०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. आ.व २०७९/०८० मा संचालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने सम्बन्धमा ।
५. शेयर सदस्यहरूलाई लाभांश वितरण गर्ने सम्बन्धमा ।
६. संस्था एकिकरण (मर्जर) गर्ने सम्बन्धमा ।
७. निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागी प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
८. विविध

(नोट: सदस्यहरूले २०८० पौष ८ देखि १३ गते सम्म परिचय खुल्ने परिचय पत्र सहित संस्थामा उपस्थित भई हस्ताक्षर गर्न सकिने छ ।)

सचिव
संचालक समितिको आज्ञाले

**देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को**
**संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७९/०८० को**

# वार्षिक प्रतिवेदन

**आदरणीय सदस्यज्यूहरू,**

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को पन्धौं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु भएका आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू, अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, सदस्य महानुभावहरू, संचालक समितिका साथिहरू, लेखा समितिका साथिहरू, ऋण उपसमितिका साथिहरू, शिक्षा उपसमितिका साथिहरु, विभिन्न मिडियाका पत्रकार मित्रहरू लगाएत यस सभामा पाल्नु भएका सम्पूर्ण सहकारी कर्मीहरूलाई संस्थाको संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन गर्न चाहन्छु ।

**आदरणीय सदस्यज्यूहरू,**

मिति २०६६ साल आसाढ ६ गतेबाट सेवा सुरु गरेको यस देव दर्शन बचत तथा ऋण सहकारी संस्थाले विभिन्न आरोह अवरोह पार गर्दै आजको पन्धौं वार्षिक साधारण सभा सम्म आइपुग्न सफल भएको छ । यो सफलता हात पार्नमा तपाईं सम्पूर्ण सदस्य महानुभावहरूको माया, सद्भाव, सहयोग र विश्वासको महत्वपूर्ण योगदान रहेको छ । र यो सफलताको श्रेय यो गरिमामय साधारण सभामा उपस्थित तपाई सदस्यहरुलाई जान्छ । आगामी दिनहरूमा समय सापेक्ष परिवर्तन र थप सेवाहरू सहित सदस्यहरूलाई सहज ढंगले सुविधा प्रदान गर्न संस्था तथा हामी संचालक समिति सदैव तत्पर छौं । संस्थाले पार गरेको १४ वर्षमा सफलताका साथै रहेका कमि कमजोरीहरूलाई विस्तारै निर्मूल पार्दै संस्थालाई अझ राम्रोसंग संचालन गर्नेछौं । त्यस्तै सहकारीको मेरुदण्डको रुपमा रहेको नियमित बचत खाता अनिवार्य रुपमा संचालन गराउने, सदस्यहरूलाई शेयर पूँजी वृद्धि गराउने र ऋणि सदस्यहरूलाई समयमै कर्जा असुल गराउने तथा भाखा नाघेका ऋणि सदस्यहरूलाई कालो सूचिमा राखि नामावली प्रकाशित गरि संस्थाको वित्तिय अवस्थालाई अझ मजबुत बनाइने छौं ।

**आदरणीय सदस्यज्यूहरू,**

विश्वभर फैलिएको कोभिड १९, युद्ध, आर्थिक मन्दि, सरकारद्वारा सहकारी संस्थाको व्याजदर तथा निक्षेप संकलनमा नियन्त्रणको प्रयासले बचत तथा ऋणको कारोबार

मा आएको शिथिलता र तरलता व्यवस्थापनमा दवाब कायम रहदा पनि यस देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.ले आफ्ना सदस्यहरुलाई सहज रुपमा सेवा प्रदान गर्न सफल रहयौं । यो परिस्थितिमा पनि सहजता कायम गर्न सदस्यहरुको विश्वास महत्वपूर्ण कारकको रुपमा रहेको यस सभा समक्ष जानकारी गराउन चाहन्छु साथै आगामी दिनहरुमा पनि सदस्यज्यूहरुबाट त्यस्तै विश्वास र मायाको अपेक्षा राख्दछु ।

अब म सदस्यज्यूहरूलाई शेयर वृद्धि गर्न, नियमित कारोवार गर्न, नियमित बचत खातालाई निरन्तरता दिन र नियमित रुपमा संस्थामा स्थलगत भ्रमण गरिदिनुहुन आग्रह गर्दै संस्थाले आ.व. २०७९/०८० मा हासिल गरेका सन्तोषजनक उपलब्धीहरुलाई बुदाँगत रुपमा यस सभा समक्ष राख्ने अनुमति चाहन्छु ।

| आ.व. | शेयर पूँजी | बचत | ऋण | कुल सम्पत्ति |
|---|---|---|---|---|
| ०६५/०६६ | २२,५०,०००/- | ७४,७२,९३७/- | १०,३०,०००/- | ९२,००,५५९/- |
| ०६६/०६७ | ५२,८४,०००/- | ९,३१,३७,२९९/- | ८,४९,७९,६१६/- | १०,४१,७१,५११/- |
| ०६७/०६८ | ८८,८९,९००/- | १०,३५,५२,७४५/- | ९,३६,८५,१०४/- | ११,८१,२८,२८५/- |
| ०६८/०६९ | १,०७,२९,५००/- | ११,३२,७०,०२०/- | ९,१२,३३,५५५/- | १३,१९,९८,२०५/- |
| ०६९/०७० | १,२०,६७,९००/- | १४,४०,४५,८२७/- | १२,३३,६६,७१२/- | १६,७१,१०,९६७/- |
| ०७०/०७१ | १,४०,२४,१००/- | २४,००,२१,२११/- | १५,७८,५८,६७६/- | २६,७२,१५,२४३/- |
| ०७१/०७२ | १,५४,८४,८००/- | ३०,६७,०३,०५६/- | २२,८९,३९,३०५/- | ३३,८३,१६,८६८/- |
| ०७२/०७३ | २,०१,०५,१००/- | ४०,६९,५५,१३०/- | ३१,५३,५३,८२३/- | ४४,४९,५०,७१४/- |
| ०७३/०७४ | २,४९,६८,२००/- | ४५,६६,८५,९४१/- | ४०,३०,१६,२७१/- | ५१,३०,७३,८१३/- |
| ०७४/०७५ | ३०,०५४,९००/- | ५२,४६,९५,९७३/- | ४६,१९,४९,२३२/- | ६०,०३,७६,८५८/- |
| ०७५/०७६ | ३,३७,५६,५००/- | ६३,९०,७२,५७४/- | ५६,३२,०७,७३७/- | ७३,३८,९८,५७०/- |
| ०७६/०७७ | ४,०१,१९,६००/- | ६९,२२,९२,४९२/- | ६१,४०,११,९९१/- | ८०,५७,७९,७४३/- |
| ०७७/०७८ | ४,१०,३१,३००/- | १,०५,९५,६३,८६७/- | ८८,३४,३४,४१२/- | १,१६,०१,२५,८९३/- |
| ०७८/०७९ | ४,२७,०७,०००/- | १,०६,५६,२२,०४०/- | १,०१,०२,५२,५४६/- | १,१७,६५,७४,८६८/- |
| ०७९/०८० | ४,७४,७६,०००/- | १,००,०९,८७,२४३/- | ९५,८५,८२,५८५/- | १,१३,२७,०१,५४३/- |

## १. संचालक समिति

संचालक समितिमा पदाधिकारी एवं संचालक सदस्यहरू गरि कुल ७ (सात) जना व्यक्तिहरू रहनु भएको छ । संचालक समिति एक मतका साथ संस्थाको हितमा लागि परेको र संस्था संचालनमा सम्पूर्ण पदाधिकारी एवं संचालक सदस्यहरूले सक्दो समय

प्रदान गरि संस्थाको प्रगतिका लागि उल्लेखनीय योगदान पुऱ्याउनु भएको व्यहोरा समेत म सदस्य महानुभावहरूलाई अवगत गराउने चाहन्छु साथै संस्थाको विकासमा पुऱ्याउनु भएको सहयोग को लागि हार्दिक धन्यवाद दिन चाहन्छु ।

## २. व्यवस्थापन

सहकारी ऐन, नियम, संस्थाको स्वीकृत विनियम तथा संचालक समितिको प्रत्यक्ष रेखदेख र अधिनमा संस्थाको दैनिक कार्य संचालन हुँदै आइरहेको छ । संस्थाको उद्देश्य प्राप्त गर्न, प्रतिस्पर्धामा अगाडि बढाउन कर्मचारीहरूको ठूलो भूमिका हुने हुँदा कर्मचारीहरूको अमुल्य भूमिकालाई मध्यनजर गर्दै संस्थाले कर्मचारी प्रशासन विनियमावली-२०६७ अनुरुप कर्मचारीहरूलाई व्यवस्था गरेको छ । सदस्यहरूलाई छिटो-छरितो र सरल ढंगले स्तरीय सेवा प्रवाह गराउन व्यवस्थापन सदैव सचेत र क्रियाशील रहेको छ । व्यवस्थापन तर्फ हाल संस्थामा कार्यकारी अध्यक्ष-१, प्रबन्धक-१, अधिकृत- १, सहायक अधिकृत-२, वरिष्ठ सहायक-३, सहायक-४, कनिष्ठ सहायक-६, सुरक्षा गार्ड-२, कार्यालय सहयोगी -२, चालक- १ समेत २३ जना पदाधिकारी एवं कर्मचारी वर्ग निरन्तर रुपमा व्यवस्थापकीय कार्यमा क्रियाशील रहेका छन् ।

## ३. शेयरपूँजी:

आ.व. २०७९/०८० मा संस्थाको शेयरपूँजी रु. ४,७४,७६,००० (चार करोड चौहत्तरलाख छैहत्तर हजार रुपैयाँ मात्र) पुगेको व्यहोरा आदरणीय शेयरधनी सदस्यहरू समक्ष अवगत गराउन चाहन्छु ।

| क्र.सं. | शेयर कित्ता | सदस्य संख्या | शेयर पूँजी |
|---|---|---|---|
| १ | न्युनतम देखि ४९ सम्म | ३२८ | रू. ३,१३,२००/- |
| २ | ५० देखि ९९ सम्म | ११५७ | रू. ८१,२६,९००/- |
| ३ | १०० देखि ४९९ सम्म | १२३१ | रू. १,८४,७०,७००/- |
| ४ | ५०० देखि ९९९ सम्म | १११ | रू. ७७,०७,९००/- |
| ५ | १००० देखि माथि | ८४ | रू. १,२८,५७,३००/- |
| | **जम्मा** | २९११ | रू. ४,७४,७६,०००/- |

## ४. निक्षेप संकलन:

संस्थाको गत आ.व. २०७८/०७९ को कूल निक्षेप रु. रु. १,०६,५६,२२,०४० (एक अर्ब छ करोड छपन्न लाख बाइस हजार चालिस रुपैयाँ मात्र) रहेकोमा आ.व. २०७९/०८० मा रु. १,००,०९,८७,२४३ (एक अर्ब नौ लाख सतासी हजार दुई सय त्रिचालिस रुपैयाँ मात्र) सदस्यहरूबाट निक्षेप बाँकी रहेको व्यहोरा सदस्यहरू माझ जानकारी गराउन चाहन्छौं ।

## ५. कर्जा सापटी तथा लगानी:

गत आ.व. २०७८/०७९ को अन्त्य सम्ममा रु. १,०१,०२,५२,५४६ (एक अर्ब एक करोड दुई लाख बाउन्न हजार पाँच सय छ्यालिस रुपैयाँ मात्र) रहेकोमा आ.व. २०७९/०८० को अन्त्य सम्ममा रु. ९५,८५,८२,५८५ (पन्चानब्बे करोड पचासी लाख बयासी हजार पाँच सय पचासी रुपैयाँ मात्र) कर्जा लगानीमा बाँकी रहेको व्यहोरा सदस्यहरू माफ जानकारी गराउन चाहन्छौं ।

## ६. तरलता:

गत आ.व. २०७९/०८० मा बैंक तथा नगद मौज्दात गरि रु. ८,५९,७७,५१८ (आठ करोड उनान्साठ्ठी लाख सतहत्तर हजार पाँच सय अठार रुपैयाँ मात्र) तरलता रहेको छ ।

## ७. आ.व. २०७९/०८० को कूल आम्दानी र खर्च विवरण:

आम्दानी तर्फ संस्थाले आ.व. २०७९/०८० मा कर्जा लगानीबाट व्याज रु. १३,६६,४२,४५० (तेह्र करोड छैंसाठ्ठी लाख बयालीस हजार चार सय पचास रुपैयाँ मात्र), प्रक्रियागत शुल्क लगायत अन्य विविध आम्दानी रु. १,१२,७६,९७२ (एक करोड बाह्र लाख छैंहत्तर हजार नौ सय बहत्तर रुपैयाँ मात्र) गरी कूल रु. १४,७९,१९,४२२ (चौध करोड उनान्अस्सी लाख उन्नाइस हजार चार सय बाइस रुपैयाँ मात्र) आम्दानी गरेको छ भने खर्च तर्फ गत आ.व. २०७९/०८० मा विभिन्न बचतमा प्रदान गरिएको व्याज खर्च रु. १२,०१,६३,७६४ (बाह्र करोड एक लाख त्रिसाठ्ठी हजार सात सय चौसाठ्ठी रुपैयाँ मात्र), प्रशासनिक खर्च रु. ५२,५६,२२८ (बाउन्न लाख छपन्न हजार दुई सय अट्ठाइस रुपैयाँ मात्र), कर्मचारी खर्च रु. १,३२,२५,५९८ (एक करोड बत्तिस लाख पच्चीस हजार पाँच सय अन्ठानब्बे रुपैयाँ मात्र), ह्रास कट्टी खर्च रु. ९,०४,७४६ (नौ लाख चार हजार सात सय छ्यालिस रुपैयाँ मात्र), कर्जा नोक्सानी व्यवस्था खर्च रु ५,४९,०१६ (पाँच लाख उनानचास हजार सोह्र रुपैयाँ मात्र) समेत गरी जम्मा रु. १४,००,९९,३५२ (चौध करोड उनानसय हजार तिन सय बाउन्न रुपैया मात्र) खर्च भएको व्यहोरा म सदस्य महानुभावहरू समक्ष अवगत गराउन चाहन्छु ।

## ८. नाफा नोक्सान हिसाब:

आ.व. २०७९/०८० मा संस्थाको कूल आम्दानी रु. १४,७९,१९,४२२ (चौध करोड उनान्अस्सी लाख उन्नाइस हजार चार सय बाइस रुपैयाँ मात्र) रहेको छ भने गत आ.व.नै संस्थाको कुल खर्च रु. रु. १४,००,९९,३५२ (चौध करोड उनानसय हजार तिन सय बाउन्न रुपैया मात्र) हुन गएको छ । यसर्थ संस्थाले आ.व. २०७९/०८० मा आयकर अघि रु.७८,२०,०७० (अठहत्तर लाख बिस हजार सत्तरी रुपैयाँ मात्र) मुनाफा आर्जन गरेको व्यहोरा म आदरणीय सदस्य समक्ष राख्न चाहन्छु ।

## ९. कुल कारोवार:

संस्थाले आर्थिक वर्ष २०७९/०८० अन्त्यसम्म कूल कारोवार रु. १,१३,२७,०१,५४३ (एक अर्ब तेह्र करोड सत्ताइस लाख एक हजार पाँच सय त्रिचालिस रुपैयाँ मात्र) पुऱ्याउन सफल रहेको व्यहोरा सदस्यहरू माझ सहर्ष जानकारी गराउन चाहन्छौं ।

## १०. आवद्धता:

संस्था निम्न संघ, संस्थाहरूमा आवद्ध रहेको आदरणीय शेयर सदस्यहरूलाई जानकारी गराउन चाहन्छु ।

क) जिल्ला सहकारी संघ, काठमाडौं ।

ख) काठमाडौं बचत तथा ऋण सहकारी संघ (KASCCUN)

ग) नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (NEFSCUN)

घ) राष्ट्रिय सहकारी बैंक

## ११. सदस्य हितकोष नीति अनुसार वितरण गरिएको रकम विवरण:

| क्र.सं. | सदस्यको नाम | हित कोषको प्रकार | रकम |
|---|---|---|---|
| १ | लक्ष्मी राउत बानियाँ | सुत्केरी भत्ता | रु. ५,०००/- |
| २ | सचिता श्रेष्ठ | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ३ | गोमा लामा तामाङ्ग | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ४ | सबिना खत्री | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ५ | रचना श्रेष्ठ | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ६ | सजना डंगोल | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ७ | रोजिना श्रेष्ठ | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ८ | अस्मिता थापा मगर | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ९ | सरस्वती भुसाल | काजकिरिया खर्च | रु. १०,०००/- |
| १० | शरण गिरी | काजकिरिया खर्च | रु. १०,०००/- |

## १२. आ. ब. ०८०/०८१ को लागि लक्ष्य एवं बजेट :

### क. शेयर पूँजी :

संस्थाको कारोबार बृद्धि गर्न सदस्य संख्या बृद्धि संगै आ.ब. २०८०/०८१ सम्ममा रु. ५ करोड २५ लाख शेयर पूँजी पुऱ्याउने संस्थाको लक्ष्य रहेको छ ।

**ख. निक्षेप संकलन :**

बिभिन्न प्रकारका निक्षेप संकलन एवं भुक्तानी गरी आ. ब. २०८०/०८१ को अन्त्य सम्ममा संस्थाको कुल बाँकी निक्षेप रु. १ अर्ब २५ करोड पुऱ्याउने लक्ष्य रहेको छ ।

**ग. कर्जा लगानी :**

शेयर, बचत, साँवा र ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेतबाट आ.ब. २०८०/०८१ मा विभिन्न उद्देश्यका कर्जामा रु २० करोड लगानी गर्ने उद्देश्य राखिएको छ ।

**घ. कर्जा असुली :**

सम्पूर्ण लगानी गरिएका पुराना कर्जा तथा आ. ब. २०८०/०८१ मा लगानी गरिने कर्जा समेतको असुली कार्य तालिका अनुसार रु. १० करोड असुली गरि सोहि आ.ब. को अन्त्य सम्ममा लगानीमा बाँकी कर्जा रु. १ अर्ब ५ करोड हुने अनुमान गरिएको छ ।

**ङ. कर्मचारी दरबन्दी :**

हाल संस्थामा कार्यरत कर्मचारीहरू सहित आ. व. २०८०/०८१ मा हुने अनुमानित कुल कारोबार बृद्धि अनुसार आवश्यक शाखाहरूमा र सेवा केन्द्रका लागि कर्मचारीहरू थप गर्नुपर्ने अनुमान गरिएको छ ।

**च. अनुमानित खर्च :**

आ. ब. २०८०/०८१ को लागि बचत तथा सापटीमा ब्याज खर्च तर्फ रु. १३ करोड ५० लाख, कर्मचारीहरूको तलब, भत्ता तथा अन्य सुबिधा आदिको लागि रु. १ करोड ४० लाख व्यवस्था गरिएको छ । त्यस्तै कार्यालय संचालन खर्च तर्फ रु. ६० लाख र ह्रासकट्टी रु ११ लाख गरी जम्मा रु. १५ करोड ६१ लाख अनुमानित खर्च व्यवस्था गरिएको छ ।

**छ. अनुमानित आम्दानी :**

आ.ब. २०८०/०८१ मा कर्जा तथा सापट बाट ब्याज आम्दानी तर्फ रु. १५ करोड अनुमान गरिएको छ । त्यसैगरी विविध आम्दानी तर्फ रु. २ करोड ५१ लाख गरी जम्मा अनुमानित आम्दानी रु. १७ करोड ५१ लाख हुने अनुमान गरिएको छ ।

**ज. नाफा-नोक्सान स्थिति :**

उपरोक्त बमोजिम कुल अनुमानित आम्दानी रकम रु. १७ करोड ५१ लाख बाट अनुमानित खर्च रकम रु. १५ करोड ६१ लाख कट्टा गर्दा अनुमानित नाफा रकम रु. १ करोड ९० लाख रहन जाने देखिन्छ ।

## झ.आ.ब. ०८०/०८१ को लागि अनुमानित सम्पत्ति बजेट :

आ. ब. २०८०/०८१ मा संस्थाको सेवा केन्द्रको स्थापना गरिने योजना रहेको हुँदा अनुमानित रु ४० लाख बजेट बिनियोजन गरिएको छ।

## १५. धन्यवाद ज्ञापन:

अन्त्यमा संस्था संचालनका लागि मार्गदर्शकको रुपमा रहेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश हेटौडा, सहकारी विभाग काठमाडौं, चन्द्रागिरि न.पा. सहकारी शाखा, संचालक समितिका पदाधिकारीहरू, लेखा समितिका पदाधिकारीहरू, ऋण उपसमितिका पदाधिकारीहरू, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने व्यक्ति संघ संस्था एवं आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन तयार गरी सहयोग पुऱ्याउनु हुने लेखा परिक्षक श्री हरि कृष्ण श्रेष्ठ (एच. के. श्रेष्ठ एण्ड कं.), कानूनी सल्लाहकार श्री सिताराम राउतज्यू र नेपाल सरकारको सम्बन्धित निकाय समेतलाई सहयोगको लागि स-धन्यवाद हार्दिक आभार प्रकट गर्न चाहन्छु। भविष्यमा पनि सबै क्षेत्रबाट सहयोग पाउने अपेक्षा गरेको छु। संस्था संचालनमा हरतरहले सहयोग पुऱ्याउनु हुने संस्थाका प्रबन्धक, अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूलाई मेरो तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु। अन्त्यमा लेखा परीक्षकद्वारा तयार पारिएको आ.व. २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब लगायत अन्य वित्तिय विवरणहरू र संचालक समितिको तर्फबाट प्रस्तुत प्रस्तावहरू अनुमोदनको लागि सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु।

धन्यवाद। जय सहकारी॥ २०८०।०९।१४ गते शनिबार।

ANNUAL REPORT 022-023

पन्ध्रौं वार्षिक प्रतिवेदन
आ.व. २०७९/८०

**देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को**
**पन्धौं वार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट**
**आ.व. २०७९/०८० को**

# वार्षिक प्रतिवेदन

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को पन्धौं वार्षिक साधारण सभाका सभाअध्यक्ष ज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, संचालक समितिका सदस्यज्यूहरू, यस संस्थाका सम्पूर्ण सदस्य महानुभावहरू तथा अन्य आमन्त्रित सदस्यहरूमा यस संस्थाको पन्धौं वार्षिक साधारण सभाको अवसरमा हार्दिक स्वागत तथा सहकारी अभिवादन ।

**सदस्य महानुभावहरू,**

यस संस्थाले स्थापनाको छोटो अवधिमा जुन किसिमको वित्तिय सफलता हाँसिल गरेको छ । त्यसलाई कायम राख्न र संस्थालाई दिर्घकालीन रुपमा स्थायित्व सहित संचालन गर्नको लागि संस्थागत सुशासन, वित्तिय अनुशासन, नीति नियमको पालना तथा नियमन निकायद्धारा दिइने निर्देशन तथा सुझावलाई पालना गर्नुपर्ने देखिन्छ र संस्थाले नियमन निकायको निर्देशन, संस्थाको स्विकृत विनियम तथा नीतिहरू कार्यान्वयन गर्दै जाने छ, भन्ने मैले विश्वास लिएको छु । हाल जारी आर्थिक मन्दीको अवस्थामा सदस्यहरुको वित्तिय समस्या समाधानमा सस्थाको तर्फबाट योगदान रहने छ भन्ने विश्वास लिएको छु । साथै आगामी दिनहरूका लागि लेखा समितिको तर्फबाट केही सुझावहरू पनि दिन चाहन्छु ।

**संस्थाको सकारात्मक पक्षहरु**

क) सहकारी ऐन, नियम र मापदण्ड अनुरुप लेखा राख्ने गरिएको, आर्थिक प्रशासन विनियमावली, कर्मचारी प्रशासन विनियमावली, बचत निति, ऋण निति र सदस्य हितकोष निति तयार गरि लागु गरिएको छ ।

ख) प्रिमियम सफ्टवेयर र पूर्ण कम्प्यूटर माध्यम बाट संस्थाको कारोबार व्यवस्थित गरि पारदर्शी ढंगबाट सदस्यहरुलाई छिटो छरितो तरिकाबाट सेवा प्रदान गरिएको छ ।

ग) संचालक समिति, लेखा समिति, विभिन्न उपसमितिहरु र कर्मचारी व्यवस्थापनलाई समन्वय गर्दै संस्थाको लक्षित उद्देश्य प्राप्त गर्न पारिवारिक वातावरणमा संस्था अगाडी बढीरहेको छ ।

घ) सहकारी ऐन २०७४ बमोजिम गठन गरिएको व्याजदर निर्धारण समितिले तोकेको सन्दर्भ ब्याजदर संस्थाले कार्यान्वयन गरेको छ ।

अब लेखा समितिको तर्फबाट आगामी दिनहरूका लागि लेखा समितिको तर्फबाट केही सुझावहरू पनि दिन चाहन्छु ।

## लेखा समितिको सुझावहरू:

क) सहकारीको मेरुदण्डको रुपमा रहेको नियमित बचत र शेयर पूँजीलाई बढाउने तथा संख्यात्मक भन्दा गुणात्मक सदस्य वृद्धिमा ध्यान दिनु पर्ने देखिन्छ ।

ख) संचालक समितिले ३ वर्षे रणनीतिक योजना तयार गरी लागू गर्नु पर्ने देखिन्छ ।

ग) संस्थाको लागि आवश्यक उपसमितिहरू गठन गरी ति उप समितिहरूलाई सक्रिय रुपमा संस्थाको विकास तथा गतिविधिमा संलग्न गराउनु पर्ने देखिन्छ ।

घ) नियमनकारी निकायबाट प्राप्त निर्देशन र सुझावहरूलाई पालना गर्नुपर्ने देखिन्छ ।

ङ) नयाँ सहकारी ऐन लागू भएपछि संस्थाले सो ऐन संग नबाझिने गरी आफ्नो विनियम तथा नियमावलीहरू संशोधन गर्दै संस्था संचालन गर्नु पर्ने देखिन्छ ।

च) आ.व. २०७९/०८० को वित्तिय गतिविधिलाई अध्ययन गर्दा असुलि गर्न बाँकी पुराना ऋणहरुलाई तत्काल असुल उपर गर्नु पर्ने देखिन्छ । साथै प्रत्येक त्रैमासिकमा पाकेको ब्याज पूर्ण रुपमा असुल उपर गर्नुपर्ने देखिन्छ । कर्जामा १६ प्रतिशत ब्याज दर कायम भएपछि बचतमा पनि ब्याज दर पुनः मुल्याकंन गरि लागु गर्ने पर्ने देखिन्छ । साथै नियमित ब्याज तथा किस्ता नबुझाउने ऋणि सदस्यहरुलाई हर्जाना र बिलम्ब शुल्क  लागु गर्नु पर्ने देखिन्छ ।

छ) संस्थाले कर्जा लगानीलाई व्यवस्थित गर्न किस्ताबन्दी ऋणको व्यवस्था गर्नु पर्ने देखिन्छ साथै दुई वर्षभन्दा बढि समय देखि कर्जाको ब्याज तथा किस्ता नबुझाउने ऋणि सदस्यहरुलाई ३५ दिने सुचना प्रकाशित गरि कानूनी प्रकृयामा ल्याउनु पर्ने देखिन्छ ।

ज) संस्थाले समिति, उपसमिति साथै कर्मचारीहरूलाई अझ बढि सक्रिय परिचालन हुनका लागि क्षमता अभिवृद्धि, सेमिनार, तालिम, क्षेत्र भ्रमण तथा अवलोकन आदिको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

अन्तमा यस समितिलाई आफ्नो काम सफलता पूर्वक सम्पन्न गर्न आवश्यक सहयोग प्रदान गर्नुहुने सहकारी विभाग, सहकारी सम्बन्धि संघहरू, संचालक समिति, ऋण उप समिति, सम्पूर्ण सदस्य महानुभावहरू, प्रबन्धक, अधिकृत तथा सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

धन्यवाद ।        जय सहकारी ॥

**लेखा समिति**

| | | |
|---|---|---|
| संयोजक: | सदस्य: | सदस्य: |
| **विमल विक्रम बानियाँ** | **माधव प्रसाद रेग्मी** | **बसन्त महर्जन** |

# *H. K. Shrestha & Co.*

**Cop. No. 3062, Firm Registration No. 2798 -*Kha***
***ICAN* Member No. 3744,**

## देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.को

### वित्तिय विवरण उपर

### स्वतन्त्र लेखा परिक्षकको प्रतिवेदन

**मन्तव्य**

हामीले देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को (यस पछि "सहकारी संस्था" भनिएको) को यसै साथ संलग्न २०८० आषाढ ३१ मितिका वित्तिय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको कार्य संचालन विवरण, नगदप्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू (यस पछि समग्रमा वित्तीय विवरणहरू भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

मन्तव्यको आधार शिर्षक अर्न्तगत समावेश भएका बिषय बस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरू बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरूले सारभूत रुपमा सहकारी संस्थाको मिति २०८० आषाढ ३१ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्यभएको आर्थिक वर्षको कार्यसंचालन हिसाब, नाफा नोक्सान बांडफांड हिसाब, नगदप्रवाह विवरण इक्यिुटीमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू प्रचलित कानूनका अधिनमा रही सहकारी ऐन २०७४, अनुरुप यथार्थ चित्रण गर्दछ ।

**कैफियत सहितको मन्तव्यको आधार**

रु १ अर्ब भन्दा माथिको वित्तीय विवरण भएको संस्थाले अनिवार्य रुपमा Nepal Financial Reporting Standards (NFRSs) अन्तर्गत लेखा विवरण तयार पार्नु पर्ने नियम लागु भएतापनि यस संस्थाले हाल यथावत रुपमा Nepal Auditing Standards (NAS) को आधारमा लेखा विवरण तयार गरिएको पाईयो ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानबमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीयविवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाद्वारा जारी गरेको "द हयाण्ड् बुक अफ द कोड अफ द कोड अफ इथिक्स् फोर फ्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी कम्पनीसंग स्वतन्त्र छौं र हामीले सो हयाण्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

## वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

सहकारी ऐन २०७४ अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयारी एवम् प्रस्तुतगर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमागर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। वित्तिय विवरण तयार गर्दा व्यवस्थापनलाई संस्था विघटन गर्ने, संचालन बन्दगर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर संचालनहुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासागर्ने र निरन्तर संचालनमा आधारित लेखानीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ।

संचालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रकियाको रेखादेखाको लागि जिम्मेवारी छ।

## वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरू सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटिरहित छ वा छैन भन्ने बारे उचित आश्वस्त्ता प्राप्तगर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो। उचित आश्वस्त्ता एक उच्च स्तरीय आश्वस्त्ता भएतापनि सारभूत त्रुटीहरू विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरू सधैं पहिचान हुन्छन भन्ने आश्वस्तता रहदैन। गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्नहुन सक्दछन् र ती प्रस्तूतिहरूले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयहरूलाई अलग अलग वा समग्ररुपमा प्रभावपार्न सक्ने उचित अपेक्षा गरिन्छ भन्ने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको कममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं। क्रमश हामीले:

- वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरूको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ति जोखिमहरूको लागि प्रभावकारी लेखापरीक्षण प्रकियाहरू तर्जुमा गरि हाम्रो मन्तव्य प्रदानगर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं। मिलि भगत, ठगी, जानाजानी चुक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरू भन्दा जालसाजी बाट हुने सारभूत गलत प्रस्तृतिहरूको पहिचान नलाग्ने जोखीम अधिक रहन्छ।
- कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्वन्धि राय व्यक्तगर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रकियाहरू तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं।
- व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरूको औचित्य, लेखाअनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरूको मूल्याङ्कन गर्दछौं।

H.K. SHRESTHA & COMPANY

- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखानीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरू संग सम्बन्धित सारभूत अनिश्चितताको कारणले कम्पनीको व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्नसक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेकमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ति खुलासा अपर्याप्तभएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ। हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ। तथापी भविष्यका घटना तथा अवस्थाहरूले कम्पनी अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ।
- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरूलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं। हामीले वित्तीयविवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरूलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरू लगायत संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमीकमजोरीहरूको जानकारी गराउदछौं।

शुशासनको जिम्मेवारी बहन गरेकाहरूलाई प्रासंगिक नैतिक आवश्यकताहरू पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभावपार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरू साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउंदछौं।

## अन्य कानूनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन

**सहकारी ऐन २०७४ को दफा ७६ बमोजिम :**

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरू पाएका छौं।

(ख) हामीले लेखापरीक्षणमा गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा, कम्पनीको हिसाबकिताब ऐन बमोजिम ठीकसंग राखिएको छ।

(ग) यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वित्तिय स्थितिको विवरण, आयविवरण, कार्य संचालन विवरण, स्वामित्व अंशमा भएको परिवर्तन विवरण, नगदप्रवाह विवरण र संलग्न अनूसूचिहरू सहकारी ऐनले तोकेको ढांचा र तरिका अनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाबकिताब, वाहीखाता, श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन्।

(घ) हामीले लेखा परिक्षणको समयमा सस्थाको संचालक समितिवाकुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

स्थान : बालकोट, भक्तपुर
मिति : २०८०/०८/१८
युडिन : 231208RA03744YtX8U
निमित्त एच. के. श्रेष्ठ एण्ड कं

H.K. SHRESTHA & COMPANY

रजिष्टर्ड अडिर्टस
**श्री हरि कृष्ण श्रेष्ठ**
प्रोपराईटरः एच के श्रेष्ठ एण्ड कं

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौ

## बित्तीय स्थितिको विवरण

**आषाढ मसान्त २०८०**

| विवरण | नोट | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ४.१ | ८५,९७७,५१८ | ७७,५७३,३३१ |
| सदस्यलाई ऋण लगानी | ४.२ | ९५८,५८२,५८५ | १,०१०,२५२,५४६ |
| लगानी सुरक्षणपत्र | ४.३ | १,४३७,४०० | १,४३७,४०० |
| चालु कर सम्पत्ति | ४.४ | ३५२,६७० | ५३५,८८० |
| सम्पत्ति तथा उपकरण | ४.५ | ८१,८९६,८१५ | ८२,६७२,७४४ |
| अमूर्त सम्पत्ति | ४.६ | २३९,१६७ | ९९,२५८ |
| स्थगन कर सम्पत्ति | ४.७ | २०५,७८२ | ९८,३५३ |
| अन्य सम्पत्ति | ४.८ | ४,००९,६०५ | ३,९०५,३५७ |
| **जम्मा सम्पत्ति** | | १,१३२,७०१,५४३ | १,१७६,५७४,८६८ |

| | | | |
|---|---|---|---|
| **दायित्व** | | | |
| सदस्यबाट निक्षेप | ४.९ | १,०००,९८७,२४३ | १,०६५,६२२,०४० |
| तिर्न बाँकी कर्जा सापटी | ४.१० | १०,०००,००० | - |
| चालु कर दायित्व | | - | - |
| व्यवस्था | ४.११ | १३,२५५,९१४ | १२,२५९,९७७ |
| स्थगन कर दायित्व | | - | - |
| अन्य दायित्व | ४.१२ | २६,०४३,४१४ | २२,५७१,८५७ |
| | | | |
| **जम्मा दायित्व** | | १,०५०,२८६,५७२ | १,१००,४५३,८७४ |
| | | | |
| **ईक्विटी** | | | |
| शेयर पूँजी | ४.१३ | ४७,४७६,००० | ४२,७०७,००० |
| जगेडा तथा अन्य कोषहरु | ४.१४ | ३४,९३८,९७१ | ३३,४१३,९९३ |
| **जम्मा ईक्विटी** | | ८२,४१४,९७१ | ७६,१२०,९९३ |
| **जम्मा दायित्व र ईक्विटी** | | १,१३२,७०१,५४३ | १,१७६,५७४,८६८ |

लेखा टिप्पणीहरु १ देखि ५ यस आर्थिक विवरणका अभिन्न अंग हुन्। हाम्रो आजको मितिको प्रतिवेदन अनुसार।

| प्रवन्धक | उपाध्यक्ष | अध्यक्ष | सचिव | कोषाध्यक्ष | रजिष्टर्ड अडिटर्स |
|---|---|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैंया घले** | **राम नारायण घिमिरे** | **राम तामाङ्ग** | **राजु कार्की** | **श्री हरि कृष्ण श्रेष्ठ** |
| | | | | | प्रोपराईटर: एच.के. श्रेष्ठ एण्ड कं |

मिति: २०८०-०८-१८
स्थान: काठमाडौं

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौं

## नाफा नोक्सान विवरण

**१ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्म**

| विवरण | नोट | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको |
|---|---|---|---|
| व्याज आम्दानी | ४.१५ | १३६,६४२,४५० | १३६,४६०,७४५ |
| व्याज खर्च | ४.१६ | १२०,१६३,७६४ | ११६,४९५,०३४ |
| **खूद व्याज आम्दानी** | | १६,४७८,६८७ | १९,९६५,७११ |
| शूल्क तथा कमिशन आम्दानी | ४.१७ | १०,९०२,७८४ | १४,३८८,४६३ |
| शूल्क तथा कमिशन खर्च | ४.१८ | - | - |
| **खूद शूल्क तथा कमिशन आम्दानी** | | १०,९०२,७८४ | १४,३८८,४६३ |
| **खूद व्याज, शूल्क तथा कमिशन आम्दानी** | | २७,३८१,४७१ | ३४,३५४,१७५ |
| खुद व्यापारिक आम्दानी | ४.१९ | - | |
| अन्य संचालन आम्दानी | ४.२० | २४३,६६८ | १४९,७१० |
| **कुल संचालन आम्दानी** | | २७,६२५,१३८ | ३४,५०३,८८४ |
| कर्जाको नोक्सानी व्यवस्था/(फिर्ता तथा अन्य नोक्सानी | ४.२१ | ५४९,०१६ | ४,६५०,०५७ |
| **खुद संचालन आम्दानी** | | २७,०७६,१२२ | २९,८५३,८२७ |
| **संचालन खर्च** | | | |
| कर्मचारी खर्च | ४.२२ | १३,२२५,५९८ | १३,७६०,२३४ |
| अन्य संचालन खर्च | ४.२३ | ५,२५६,२२८ | ५,६८०,९१० |
| ह्रास तथा परिशोधन खर्च | ४.२४ | ९०४,७४६ | ९५४,९७३ |
| **संचालन नाफा** | | ७,६८९,५५० | ९,४५७,७१० |
| गैर संचालन आम्दानी | | ३०,५२० | १६३,११८ |
| गैर संचालन खर्च | | - | - |
| **आयकर अघिको नाफा** | | ७,८२०,०७० | ९,६२०,८२८ |
| **आयकर खर्च** | | | |
| चालु कर | | ३७८,४४८ | ५२२,६४७ |
| स्थगन कर | | (१०७,४२९) | (९८,३५३) |
| **यस आर्थिक बर्षको नाफा** | | ७,५४९,०५२ | ९,१९६,५३३ |

लेखा टिप्पणीहरु १ देखि ५ यस आर्थिक विवरणका अभिन्न अंग हुन्।

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

| प्रवन्धक | उपाध्यक्ष | अध्यक्ष | सचिव | कोषाध्यक्ष | रजिष्टर्ड अडिटर्स |
|---|---|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैंया घले** | **राम नारायण घिमिरे** | **राम तामाङ्ग** | **राजु कार्की** | **श्री हरि कृष्ण श्रेष्ठ** |
| | | | | | प्रोपराईटर: एच.के. श्रेष्ठ एण्ड कं |

मिति: २०८०-०८-१८
स्थान: काठमाडौं

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौ

## नगद प्रवाह विवरण

### १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्म

| विवरण | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको |
|---|---|---|
| **कारोवार संचालनबाट नगद प्रवाह** | | |
| व्याज आम्दानी | १३६,६४२,४५० | १३६,४६०,७४५ |
| शुल्क तथा अन्य आम्दानी | ११,२३४,१०६ | १४,५३८,१७३ |
| लाभांश आम्दानी | ४२,८६६ | १६३,११८ |
| व्याज खर्च | (१२०,१६३,७६४) | (११६,४९५,०३४) |
| कमिशन तथा शुल्क खर्च | - | - |
| कर्मचारी खर्च | (१२,५१४,९१३) | (१२,३३०,४८७) |
| अन्य खर्च | (५,१५६,९७१) | (५,५०४,२९९) |
| **संचालन सम्पत्ति तथा दायित्वको परिवर्तन अघिको संचालन नगद प्रवाह** | १०,०८३,७७५ | १६,८३२,२१६ |
| **संचालन सम्वन्धि चालु सम्पत्तिमा कमि/(वृद्धि)** | | |
| सदस्यलाई गरेको ऋण लगानी | ५१,६६९,९६० | (१२६,८१८,१३३) |
| अन्य सम्पत्ति | (१०४,२४८) | ७५७,६३८ |
| **संचालन सम्वन्धि चालु दायित्वमा (कमि)/वृद्धि** | | |
| सदस्यको निक्षेप | (६४,६३४,७९७) | ६,०५८,१७३ |
| अन्य दायित्व | ३,९१८,४७८ | (१२७,६६६) |
| **आयकर भुक्तानी अघिको कारोवार संचालनबाट खुद नगद प्रवाह** | ९३३,१६९ | (१०३,२९७,७७३) |
| आयकर भुक्तानी | (१९५,२३८) | (५२२,६४७) |
| **कारोवार संचालनबाट खुद नगद प्रवाह** | ७३७,९३० | (१०३,८२०,४२०) |
| **लगानी कारोवारबाट नगद प्रवाह** | | |
| सम्पत्ति तथा उपकरणहरुको खरिद | (८०,००४) | (३,८८४,२५०) |
| अमूर्त सम्पत्तिको खरिद | (२८७,९८०) | - |
| **लगानी कारोवारमा खुद नगद प्रवाह** | (३६७,९८४) | (३,८८४,२५०) |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | | |
| शेयर निष्काशनबाट प्राप्ती | ६,९७६,५०० | २,७१२,३०० |
| शेयर फिर्ताबापतको भुक्तानी | (२,२०७,५००) | (१,०३६,६००) |
| तिर्न बाँकी कर्जा सापटी | १०,०००,००० | - |
| लाभांश खर्च | (५,७१९,०२०) | (५,९५७,५९०) |
| अन्य कोषबाट भुक्तानी | (१,०१५,७३९) | (४७५,९७९) |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह** | ८,०३४,२४१ | (४,७५७,८७०) |
| **नगद प्रवाहमा भएको खुद (कमी)/वृद्धि** | ८,४०४,१८८ | (११२,४६२,५३९) |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | ७७,५७३,३३१ | १९०,०३५,८७० |
| नगद तथा नगद समानमा विनिमय दर परिवर्तनको असर | - | - |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | ८५,९७७,५१८ | ७७,५७३,३३१ |

लेखा टिप्पणीहरु १ देखि ५ यस आर्थिक विवरणका अभिन्न अंग हुन्।

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार।

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | सचिव | कोषाध्यक्ष | रजिष्टर्ड अडिटर्स |
|---|---|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैंया घले** | **राम नारायण घिमिरे** | **राम तामाङ्ग** | **राजु कार्की** | **श्री हरि कृष्ण श्रेष्ठ** |
| | | | | | प्रोपराईटर: एच.के. श्रेष्ठ एण्ड कं |

मिति: २०८०-०८-१८

स्थान: काठमाडौं

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

## इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण

### १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्म

| विवरण | सहकारीका साधारण शेयरधनीका निमित्त | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शेयर पूँजी | जगेडा कोष | संरक्षित पूँजी फिर्ता कोष | सहकारी प्रवर्द्धन कोष | लाभांश कोष | कर्मचारी बोनश कोष | सहकारी बिकास कोष | सहकारी शिक्षा तथा तालिम कोष | घाटापूर्ति कोष | सदस्य हित कोष | स्थिर करण कोष | यस बर्षको नाफा | |
| १ श्रावण २०७९ सालको मौज्दात | ख ४२,७०७,००० | २१,२२८,८०४ | ३,१८४,८१० | ९४,८४१ | ४,४९९,४४२ | ९५०,८२६ | २५६,९२८ | २५६,९२८ | २५६,९२८ | २,१३५,४६५ | ५४९,०२० | - | ७६,१२०,९९३ |
| समायोजन/पुन:स्थापना | - | - | - | - | - | - | - | - | - | - | - | | - |
| १ श्रावण २०७९ को समायोजीत/पुन:स्थापित मौज्दात | ४२,७०७,००० | २१,२२८,८०४ | ३,१८४,८१० | ९४,८४१ | ४,४९९,४४२ | ९५०,८२६ | २५६,९२८ | २५६,९२८ | २५६,९२८ | २,१३५,४६५ | ५४९,०२० | – | ७६,१२०,९९३ |
| **यस वर्षको नाफा नोक्सानको विवरण** | | | | | | | | | | | | | - |
| यस आ.व.मा शेयर थप | ६,९७६,५०० | | | | | | | | | | | | ६,९७६,५०० |
| यस आ.व.मा शेयर फिर्ता | (२,२०७,५००) | | | | | | | | | | | | (२,२०७,५००) |
| यस वर्षको मुनाफा | | | | | | | | | | | | ७,५४९,०५२ | ७,५४९,०५२ |
| नाफाबाट विभिन्न कोषमा विभाजन | | १,८८७,२६३ | १,४१५,४४७ | २८,३०९ | ३,३७४,४२६ | | २१०,९०२ | २१०,९०२ | २१०,९०२ | २१०,९०२ | | (७,५४९,०५२) | ० |
| कोषमा थप | | | | | | ७१०,६८५ | | | | | | | ७१०,६८५ |
| कोषहरु बिच रकमान्तर भएको रकम | | २,२५०,५०४ | (१,४६०,४६०) | | (५०४,७७२) | (१५,२८८) | (२५६,९२८) | (२५६,९२८) | (२५६,९२८) | ५००,८०० | | | - |
| सदस्यलाई लाभांश वितरण | | | (१,७२४,३५०) | | (३,९९४,६७०) | | | | | | | | (५,७१९,०२०) |
| कोषबाट भएको भुक्तानी | | | | | | (९३५,५३९) | | | | (८०,२००) | | | (१,०१५,७३९) |
| **आषाढ मसान्त २०८० को मौज्दात** | ४७,४७६,००० | २५,३६६,५७१ | १,४१५,४४७ | १२३,१५० | ३,३७४,४२६ | ७१०,६८५ | २१०,९०२ | २१०,९०२ | २१०,९०२ | २,७६६,९६७ | ५४९,०२० | - | ८२,४१४,९७१ |

लेखा टिप्पणीहरु १ देखि ५ यस आर्थिक विवरणका अभिन्न अंग हुन्।

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार।

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | सचिव | कोषाध्यक्ष | रजिष्टर्ड अडिटर्स |
|---|---|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैंया घले** | **राम नारायण घिमिरे** | **राम तामाङ्ग** | **राजु कार्की** | **श्री हरि कृष्ण श्रेष्ठ** |
| | | | | | प्रोपराईटर: एच.के. श्रेष्ठ एण्ड कं |

मिति: २०८०-०८-१८
स्थान: काठमाडौं

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौ**

**आ.व. २०७९/०८०**

## प्रमुख लेखा नीति तथा टिप्पणीहरू

### १. संस्थाको परिचय

यस देवदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड सहकारी ऐन, २०४८ अनुसार २०६५ साल फाल्गुन महिनाको १६ गते सहकारी डिभिजन कार्यालयमा दर्ता भएको सहकारी संस्था हो । संस्थाको दर्ता नम्बर २०९१/०६५/६६ रहेको छ । संस्थाको कार्यालय काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. ५, दाउराडिपोमा रहेको छ । आन्तरिक राजस्व कार्यालय कलंकीमा मिति २०६६ साल आषाढ महिनाको ३० गते दर्ता भएको यस संस्थाको स्थायी लेखा नम्बर ३०३७४३८७५ रहेको छ । संस्थाको कार्यक्षेत्र चन्द्रागिरि नगरपालिका र काठमाडौं महानगरपालिका भरी रहेको छ ।

संस्थाका सदस्यहरूलाई मितव्ययिताको भावना जागृत गराई नियमित रुपले बचत गर्ने बानीको विकास गर्ने, सदस्यहरूको व्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्बी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने, सदस्यहरूको आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमुलक क्षेत्रमा सदस्यहरू मार्फत लगानी प्रबद्धन गरी छरिएर रहेको पुँजीको उपयोग बढाई सदस्यहरूको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्ने उद्देश्यले यस संस्थाको स्थापना भएको हो ।

### २. प्रमुख लेखा नीतिको सारांश

संस्थाका वित्तीय विवरणहरू तयार पार्न प्रयुक्त लेखा नीतिहरू तल उल्लेख गरिएको छ । अन्यथा उल्लेख गरिएकोमा वाहेक यी नीतिहरू प्रत्येक आर्थिक वर्षको वित्तीय विवरण प्रस्तुत गर्दा नियमित रूपमा प्रयोग गरिएका छन् ।

#### २.१ अनुपालन विवरण

वित्तीय विवरणहरू अन्यथा उल्लेख गरिएकामा बाहेक सहकारीमा प्रचलित लेखा नीति, सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५, नेपाल लेखामान (Nepal Accounting Standards) तथा सर्वमान्य लेखा सिद्धान्तहरू (Generally Accepted Accounting Principles) बमोजिम तयार पारिएका छन् ।

#### २.२ रिपोर्टिङ्ग अवधि तथा वित्तीय विवरणको स्वीकृति

**(क) रिपोर्टिङ्ग अवधि**

वित्तीय विवरण नेपाली आर्थिक वर्षको आधारमा तयार गर्दछ । त्यस अनुरुपको अंग्रेजी मितिहरू देहाय बमोजिम छन् :

| वित्तीय विवरण | नेपाली मिति | अंग्रेजी मिति |
|---|---|---|
| वित्तीय अवस्थाको विवरण | ३१ आषाढ २०८० | १६ जुलाई २०२३ |
| नाफा नोक्सान विवरण | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० | १६ जुलाई २०२२ देखि १६ जुलाई २०२३ |
| नगद प्रवाह विवरण | ३१ आषाढ २०८० | १६ जुलाई २०२३ |
| इक्विटीमा भएको परिवर्तन | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० | १६ जुलाई २०२२ देखि १६ जुलाई २०२३ |

अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण समेत पुनः वर्गीकरण गरिएको छ ।

**(ख) वित्तीय विवरणको जिम्मेवारी**

सहकारी ऐन, २०७४ को प्रावधान अनुसार संस्थाको वित्तीय विवरणको तयारी तथा प्रस्तुतिको जिम्मेवारी संचालक समितिको रहेको छ ।

**(ग) संचालक समितिबाट वित्तीय विवरणको स्वीकृति**

संलग्न वित्तीय विवरण मिति २०८० साल मंसिर १८ गतेका दिन सम्पन्न संस्थाको संचालक समितिको बैठकले साधारण सभा समक्ष अनुमोदनको लागि पेश गर्ने गरी स्वीकृत गरेको छ ।

## २.३ वित्तीय विवरण प्रस्तुतिको मुद्रा

संस्थाको वित्तीय विवरण नेपाली रुपैंया (रु) मा प्रस्तुत गरिएको छ । यस आर्थिक वर्षमा संस्थाको कार्यगत तथा प्रस्तुति मुद्रामा परिवर्तन भएको छैन ।

## २.४ अनुमान, धारणा र स्वविवेकको प्रयोग

नेपाल लेखामानअनुरुप वित्तीय विवरण तयार गर्दा संस्थाको व्यवस्थापनले केही निश्चित निर्णय, अनुमान र धारणाहरू बनाउन आवश्यक हुन्छ जसको असर लेखा नीति तथा रिपोर्ट गरिएको सम्पत्ति, दायित्व, आम्दानी र खर्चमा पर्न जान्छ । यी अनुमानका आधारमा आंकलन गरिएको रकम वास्तविक परिणामभन्दा भिन्न हुनसक्दछ ।

अनुमान तथा धारणाहरूलाई निरन्तर रुपमा समिक्षा गर्ने गरिन्छ । लेखाङ्कन अनुमानमा भएको संशोधनलाई सोही अवधिमा र यदि भविष्यमा असर पर्छ भने सो अवधिमा समेत लेखाङ्कन गरिन्छ ।

अनुमान, अनिश्चितता र स्वविवेकको प्रयोग हुने महत्वपूर्ण क्षेत्रहरू जसको कारण वित्तीय विवरणमा गम्भिर असर पर्दछ, त्यस्ता क्षेत्रहरू निम्न बमोजिम छन् :

### २.४.१ निरन्तरता (Going Concern)

संस्थाको संचालक समितिले संस्थाको निरन्तर संचालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा संस्था निरन्तर रुपमा संचालन हुन सक्ने पाएको छ । साथै संचालक समितिले संस्थाको निरन्तर रुपमा संचालन हुन सक्ने क्षमतामा ह्रास पुऱ्याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ संस्थाको वित्तीय विवरण निरन्तरतामा आधारित रहेर तयार पारिएको छ ।

**२.४.२ आयकर**

संस्था आयकरको दायरामा पर्दछ र चालु, स्थगन र अन्य करहरूको कूल व्यवस्था निर्धारण गर्नको निम्ति संस्थालाई लागु हुने करका नियमहरूको व्याख्याको कारण सृजित अनिश्चितताले वित्तीय विवरण तयार गर्दाको समयमा स्वविवेकको आवश्यकता पर्दछ । भविष्यमा करयोग्य आय सृजित हुने सम्भावना मानी उक्त करयोग्य आयमा समायोजन गर्न सकिनेसम्म कर नोक्सानीको आधारमा स्थगन कर सम्पत्ति लेखाङ्कन गरिएको छ । स्थगन कर सम्पत्तिको लेखाङ्कन गर्न स्वविवेकको आवश्यकता पर्दछ जुन भविष्यमा हुने करयोग्य नाफा, सम्भावित समय र भविष्यको कर योजनामा आधारित हुन्छ ।

**२.४.३ सम्पत्ति तथा उपकरण**

सम्पत्ति तथा उपकरणलाई ऐतिहासिक मूल्य अवधारणा अनुरुप लेखांकन गरिएको छ । सम्पत्ति तथा उपकरणको लेखांकन गर्दा सो सम्पत्ति खरीद वा निर्माण गर्दा लागेको लागत मूल्यका साथै सोसँग सम्बन्धित प्रत्यक्ष खर्चहरू समेत समावेश गरिएका छन् ।

**२.४.४ सम्पत्ति तथा उपकरणको उपयोगी समयावधि**

संस्थाले सम्पत्ति तथा उपकरणहरूलाई परल मूल्यको आधारमा लेखाङ्कन गर्दछ । संस्थाले सम्पत्ति तथा उपकरणहरूको शेष मूल्य (residual value), उपयोगी समयावधि र ह्रासकट्टीको तरिका प्रत्येक रिपोर्टिङ्ग मितिमा समिक्षा गर्दछ । यस्ता मूल्य, दर र ह्रासकट्टीको तरिका व्यवस्थापनको अनुमानमा आधारित हुन्छन् जसकारण यसमा अनिश्चितता रहन्छ ।

**२.४.५ सम्पत्ति तथा उपकरणमा ह्रासकट्टी**

सम्पत्ति तथा उपकरणमा ह्रासकट्टी घट्दो ह्रास प्रणालीको आधारमा संस्थाको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६७ ले तोकेको निम्न दररेट अनुसार गरिएको छ ।

| सम्पत्तिको विवरण | | वार्षिक ह्रासकट्टी |
|---|---|---|
| (क) भवन | : | ५% |
| (ख) कम्प्यूटर तथा कार्यालय सामान | : | २५% |
| (ग) फर्निचर तथा फिक्स्चर | : | २५% |
| (घ) कार्यालय उपकरण | : | २५% |
| (ङ) सवारी साधन | : | २०% |
| (च) कार्यालय पार्टिशन | : | २५% |

**२.४.६ अमुर्त सम्पत्ति**

संस्थाले खरिद गरेको सफ्टवेयरको सम्पत्ति लेखाङ्कन गर्दा खरिद मूल्यमा ह्रासकट्टी तथा क्षय नोक्सानि घटाइन्छ ।

**२.४.७ अमुर्त सम्पत्तिको परिशोधन**

अमूत सम्पतिमा परिषोधन समानान्तर प्रणालीको आधारमा संस्थाको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६७ ले तोकेको निम्न दररेट अनुसार गरिएको छ ।

(क) सफ्टवेयर ५ बर्षमा समानान्तर बिधिमा

**२.४.८ ब्याज आम्दानी**

ऋण तथा सापटी लगानीबाट आर्जित ब्याजलाई सहकारी संघ संस्था दर्ता, संचालन, लेखापरीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ अनुसार नगद प्राप्तिको आधारमा लेखाकंन गरिएको छ ।

**२.४.९ ब्याज खर्च**

निक्षेप दायित्व एवं बैंकबाट लिएको ऋणमा तिर्नुपर्ने ब्याज प्रोद्भाबी आधार (Accrual Basis) मा लेखाकंन गरिएको छ ।

**२.४.१० ब्याजको गणनाका आधारहरू**

संस्थाले ३६५ दिनलाई वर्ष मानी निक्षेप तथा ऋणको ब्याज दैनिक रुपमा हिसाब गरी लिएको दिनदेखि बुझाएको अघिल्लो दिनसम्मको हिसाब गर्ने गरिएको छ ।

**२.४.११ ऋण जोखिम कोष व्यवस्था**

संस्थाले ऋण लगानी तर्फ वर्षान्तमा असुल गर्न बाँकी कुल लगानीमा रहेको ऋण रकमलाई असुलीको अवस्थाको आधारमा असल ऋण (भाखा ननाघेको), शंकास्पद ऋण (१ देखि १२ महिना सम्म भाखा नाघेको) र खराब ऋणम (१२ महिना भन्दा बढी भाखा नाघेको) मा वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गरिएका ऋणहरूको लागि सहकारी विभागबाट जारी सहकारी संघ संस्था दर्ता, संचालन, लेखापरीक्षण, अनुगमन तथा नियमनसम्बन्धी मापदण्ड, २०६८ अनुसार व्यवस्था गरिएको ऋण नोक्सानी कोषको व्यवस्था निम्नानुसार रहेको छ ।

| ऋण वर्गीकरण | विधि | दर (प्रतिशत) |
|---|---|---|
| असल ऋण | भाखा ननाघेको | १ |
| शंकास्पद ऋण | १ बर्षसम्म भाखा ननाघेको | ३५ |
| खराब ऋण | १ बर्ष भन्दा बढी भाखा नाघेका | १०० |

**२.४.१२ कर्मचारी बोनस**

कर्मचारी बोनसको व्यवस्था बोनस ऐन, २०३० अनुसार गरिएको छ ।

**२.४.१३ कर्मचारी उपदान कोष**

कर्मचारी प्रशासनिक नियमावली, २०६७ मा भएको व्यवस्था बमोजिम कर्मचारीहरूको उपदान कोष बापतको रकम संस्थामै कर्मचारी उपदान कोष खडा गरि खुद हुन आउने रकम अनुमान गरी वार्षिक रुपमा जम्मा गर्ने गरिएको छ ।

#### २.४.१४ लगानी सुरक्षणपत्र

सहकारी बैंक, केन्द्रीय विषयगत सहकारी संघ, जिल्ला विषयगत सहकारी संघहरूको शेयरमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखांकन गरिएको छ ।

#### २.४.१५ मसलन्द मौज्दात

मौज्दातमा रहने गरी छपाई/खरिद गरिएका मसलन्द सामग्रीहरू र स्टेशनरी सामानहरूको मौज्दातलाई लागत मुल्यको आधारमा मसलन्द मौज्दात हिसाबमा लेखाङ्कन गरिएको र उपयोग गरेको समयमा खर्च जनाउने गरिएको छ ।

#### २.४.१६ कर्मचारी औषधि उपचार खर्च

कर्मचारी प्रशासनिक नियमावली, २०६७ बमोजिम हरेक आर्थिक वर्षको आषाढ महिनामा स्थायी कर्मचारीलाई खाइपाई आएको एक महिना बरावरको तलब रकमलाई औषधि उपचार खर्च व्यवस्था गर्ने गरिएको छ ।

#### २.४.१७ कर्मचारी सञ्चित विदा

कर्मचारी प्रशासनिक नियमावली, २०६७ बमोजिम कर्मचारीहरूको पाकेको विदामा उपयोग गरी सञ्चित रहेको विदाको १३५ दिन सञ्चित राखी सो भन्दा बढी भएकोमा आर्थिक बर्षको अन्तमा विदाको रकम तलब स्केलको आधारमा संचालक समितिबाट स्वीकृत गराइ रकम दिने गरिएको छ ।

## ३. लेखा सम्बन्धि टिप्पणीहरू

### ३.१ जेथा (Equity)

सम्पत्तिबाट सम्पूर्ण दायित्व घटाई बाँकी रहने सदस्यहरूको स्वार्थ नै जेथा (Equity) हो । जसमा सदस्यहरूले शेयरमा लगानी गरेको रकम, जगेडा कोष र अन्य कोषहरू पर्दछन् ।

#### ३.१.१ शेयर पूँजी (Share Capital)

शेयर पूंजी अन्तर्गत सदस्यहरूले लगानी गरेको रकम पर्दछ । यस संस्थाको प्रति शेयर अंकित मुल्य रु १०० दरका ४,७४,७६० कित्ताको रु ४,७४,७६,००० चुक्ता शयेर पूँजी रहेको छ ।

#### ३.१.२ कोषहरू

**क.जगेडा कोष**

सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ अनुरूप कर पछिको खुद नाफाको २५% साधारण जगेडा कोषमा छुट्टाइएको छ । साथै स्थिर सम्पत्ति बेच्दाको नाफा आय विवरणमा जनाइएको आम्दानी जगेडा कोषमा रकमान्तर गरिन्छ ।

**ख. संरक्षित पूजीं फिर्ता कोष तथा सहकारी प्रवद्वन कोष**

जगेडा कोषमा छुट्टाए पछिको बाँकी रकमलाई शत प्रतिशत मानी संस्थाको विनियम अनुसार संरक्षित पूजीं फिर्ता कोषमा २५ प्रतिशत तथा सहकारी प्रवद्वन कोषमा ०.५ प्रतिशत वितरण गरिएको छ ।

**ग. अन्य कोषहरू**

सहकारी ऐन, २०७४ बमोजिम जगेडा कोष, संरक्षित पूजीं फिर्ता कोष तथा सहकारी प्रवद्वन कोषमा छुट्टाए पछिको बाँकी रकम संस्थाको विनियम अनुसार निम्न तरिकाले वितरण गरिएको छ ।

| क्र.स. | विवरण | प्रतिशत(%) |
|---|---|---|
| १ | शेयर लाभांस कोष | ८० |
| २ | सहकारी विकास कोष | ५ |
| ३ | सहकारी शिक्षा तथा तालिम कोष | ५ |
| ४ | घाटापूर्ति कोष | ५ |
| ५ | स्थिरीकरण कोष | ५ |

यस आ.व.मा संस्थाले शेयर लाभांश कोषबाट रु.५७,१९,०२० वितरण गरीएको छ । कर्मचारी बोनस कोषबाट रु.९,३५,५३९ कर्मचारीहरूलाई बोनस वितरण गरिएको छ ।

## ३.२ दायित्वहरू

दायित्वहरू अन्तर्गत ऋणहरू, निक्षेपहरू, भुक्तानी दिनुपर्ने रकमहरू, पाकी नसकेको आम्दानी, विविध साहुहरू तथा अन्य दायित्वहरू पर्दछन् ।

### ३.२.१ सदस्यबाट निक्षेप

सदस्यको निक्षेप खाताहरूमा रहेको नियमित बचत, व्यक्तिगत बचत, दैनिक बचत, आवधीक निक्षेप तथा अन्य निक्षेपहरू यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ । निक्षेप संस्थामा जम्मा भएको मितिमा लेखाङ्कन गरिन्छ र भुक्तानी भएको मितिमा निक्षेपको फछ्र्यौट भएको मानिन्छ । यस आर्थिक वर्षमा निक्षेपमा भएको परिवर्तनको विवरण यस प्रकार रहेको छ ।

| विवरण | यस वर्ष | गत वर्ष | बृद्धि |
|---|---|---|---|
| सदस्यबाट निक्षेप | १,००,०९,८७,२४३ | १,०६,५६,२२,०४० | -६,४६,३४,७९७ |

### ३.२.२ ऋण जोखिम कोषको व्यवस्था

आर्थिक वर्षको अन्त्यमा लगानीमा रहेका सम्पुर्ण ऋणहरूलाई असल, शंकास्पद र खराब ऋणमा वर्गिकरण गरी हुन आउने रकम रु. १,०६,५१,५४१ जोखिम बेर्होने कोषमा व्यवस्था राखिएको छ ।

### ३.३ सम्पत्तिहरू

सम्पत्ति भन्नाले विगतका घटनाक्रमहरूले गर्दा निकायको नियन्त्रणमा आएको त्यस्ता आर्थिक श्रोतहरूलाई जनाउँछ जसको उपयोगबाट निकायले भविष्यमा आर्थिक लाभ प्राप्त गर्नसक्ने सम्भावना आंकलन गरेको हुन्छ। वासलात मितिमा संस्थाको नियन्त्रण रहेको तथा भविष्यमा आर्थिक लाभको आंकलन गरिएको नगद, बैंक खाता, लगानी उपकरण, ऋण तथा सापटी, स्थिर सम्पत्ति लगायतका सम्पूर्ण सम्पत्तिहरूलाई संस्थाको वासलातमा समावेश गरिएको छ।

#### ३.३.१ सम्पत्ति तथा उपकरण

सम्पत्ति तथा उपकरणको लेखाङ्कनका लागि संस्थाले निरन्तर रुपमा लागत विधि (Cost Model) अपनाउँदछ।

#### ३.३.२. सदस्यलाई ऋण लगानी

यस शीर्षक अन्तर्गत ग्राहकलाई प्रत्यक्ष रुपमा प्रदान गरिएका अल्पकालीन तथा दीर्घकालीन ऋणहरू पर्दछन्। ऋण लगानीलाई ऋण प्रवाह भएको मितिमा लेखांकन गरिन्छ र ऋण चुक्ता भुक्तान गरेको मितिमा फर्छ्यौट भएको जनाईन्छ।

#### ३.३.३ मसलन्द मौज्दात विवरण

मसलन्द मौज्दात अन्तर्गत कार्यालयको प्रशासनिक कामकाज एवं सेवा प्रवाहका दौरानमा सामान्यतया एक पटकको प्रयोगमै सम्पूर्ण रुपमा खपत हुने विभिन्न प्रकारका सामग्रीहरू जस्तै कागज तथा कागजजन्य फाईल, भौचर, फारम, इत्यादि सामग्रीहरू, प्रिन्टर तथा फोटोकपिमा प्रयोग हुने मसी, कलम, लगायतका सामग्रीहरू तथा कृषकलाई वितरण गर्न बाँकी सामग्रीहरूलाई प्रस्तुत गरिन्छ।

#### ३.३.४ भुक्तानी प्राप्त गर्न बाँकी ब्याज

सदस्यलाई प्रदान गरिएको ऋण खाताहरूमा प्रत्येक दिनको अन्त्यमा वक्यौता रहने साँवा रकममा दैनिक रुपमा गणना हुने ब्याज रकमलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ। सदस्यलाई प्रवाह गरिएको ऋण रकममा आर्जित ब्याज रकमलाई ग्राहकबाट नगद भुक्तानी प्राप्त नभएसम्म यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ भने नगद भुक्तानी प्राप्त भएको मितिमा नाफा नोक्सान हिसाबमा आय जनाईन्छ। ऋण लगानीमा असुल हुन बाँकी ब्याज रकमलाई दायित्व तर्फ ब्याज मुलतबी हिसाबमा हिसाब प्रस्तुत गरिन्छ।

### ३.४ आम्दानी

आर्थिक वर्षको कार्य सम्पादनबाट सम्पत्तिमा वृद्धि वा दायित्वमा कमी भई सदस्यहरूको जेथाको वृद्धि गराउने ब्याज आय, शुल्क तथा कमिशन, बिक्री कारोबारबाट आर्जित आम्दानी, सम्पत्ति तथा दायित्वको निसर्गबाट प्राप्त लाभ इत्यादि शीर्षकहरूलाई सो वर्षको आम्दानीमा लेखाङ्कन गरिन्छ।

### ३.४.१ ब्याज आम्दानी

ऋण तथा सापटी लगानीबाट आर्जित ब्याजलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ ।

### ३.४.२ अन्य आम्दानी

अन्य आम्दानीलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

## ३.५ खर्चहरू

आर्थिक वर्षको कार्य सम्पादनबाट दायित्वमा वृद्धि वा सम्पत्तिमा कमी भई सदस्यहरूको जेथामा ह्रास आउने ब्याज खर्च, कर्मचारी खर्च, कार्यालय संचालन खर्च, जोखिम व्यवस्था खर्च, इत्यादि शीर्षकहरूलाई सो वर्षको आय विवरणमा खर्च लेखांकन गरिन्छ ।

### ३.५.१ ब्याज खर्च

सदस्यहरूको निक्षेप खाता र बाह्य ऋणमा पाकेको ब्याजलाई प्रोदभावी आधारमा लेखांकन गरिन्छ ।

### ३.५.२ ह्रास तथा परिशोधन खर्च

ह्रास योग्य सम्पत्ति तथा उपकरणको उपयोगिता अवधिभर नाफा नोक्सान विवरणमा गरिने प्रणालीगत खर्चको विनियोजनलाई ह्रास खर्चका रुपमा र अमुर्त सम्पत्तिको उपयोगिता अवधिभर नाफा नोक्सान विवरणमा गरिने प्रणालीगत विनियोजनलाई परिशोधन खर्चका रुपमा लेखांकन गरिन्छ । छुट्टै पहिचान गर्न सकिने प्रत्येक सम्पत्ति तथा उपकरणको छुट्टा छट्टै रुपमा ह्रासकट्टी गरिन्छ । कुनैपनि सम्पत्ति व्यावसायीक उपयोगमा आएपछि वा उपयोग योग्य भएपछि सम्पत्ति तथा उपकरणमा लेखाङ्कन गरी ह्रास खर्चको गणना गर्न गरिन्छ ।

### ३.५.३. कर्मचारी खर्च

संस्थाले कर्मचारीहरूबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरू पर्दछन् :

**कर्मचारी खर्चका प्रकार**

संस्थाले कर्मचारीहरूबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरू पर्दछन् :

**कर्मचारी खर्चका प्रकार**

- अल्पकालीन कर्मचारी खर्चहरू जस्तैः तलब, भत्ता, बिदा वापतको रकम भुक्तानी, चाडपर्व खर्च, औषधी उपचार खर्च, पोषाक खर्च, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरू ।

- सेवाबाट निवृत्त भएपछि भुक्तानी हुने उपदान, सञ्चय कोष, संचित बिदा, आदि ।

**कर्मचारी विदा वापतको खर्च:**

संस्थाको स्वीकृत विनियमावली बमोजिम कर्मचारीहरूलाई १३५ दिनको बिदा संचित राखि अतिरिक्त विदा वापतको भुक्तानी कर्मचारी विदा वापतको खर्च समावेश गरिन्छ । साथै कर्मचारीले अवकाश लिदा कुल संचित विदाको भुक्तानीलाई कर्मचारी विदा वापतको खर्च समावेश गरिन्छ ।

**सञ्चयकोष तथा उपदान**

संस्थाले कर्मचारी संचयकोषमा सञ्चयकोष वापतको दायित्वहरू निसर्गका लागि रकम जम्मा गर्दै आइरहेको छ । यी लाभहरू परिभाषित/निर्दिष्ट योगदान योजना (Defined Contribution Plan) हुन् र यसमा संस्थाको दायित्व, कोषमा योगदानका लागि सहमति गरेको अंकको हदसम्म मात्र सिमित रहन्छ । कर्मचारीहरू प्रतिको सञ्चयकोष तथा उपदानको दायित्व गणना गरी प्रोदभावी आधारमा आय विवरणमा खर्च लेखिन्छ । सञ्चयकोष वापतको दायित्व प्रत्येक महिना निसर्ग गरिन्छ । प्रत्येक प्रतिवेदन मितिसम्म उपदान वापतको दायित्व अग्रीम रुपमा गणना गरी आर्थिक वर्षको अन्तिम महिनामा फरफारक गर्ने गरिन्छ ।

उपदान वापतको दायित्वको गणना गर्दा संस्थाले तिर्नुपर्ने मूल्यांकन एक्चुरियल (Actuarial valuation) गरेको छैन ।

**कर्मचारी औषधि उपचार खर्च**

संचालक समितिको निर्यण अनुसार कर्मचारी औषधि उपचार खर्च बापत भुक्तानी गरिएको छ ।

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौं

## ४.१ नगद तथा नगद समान

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| नगद मौज्दात | ६,०९०,८०० | ५,४४५,२६६ |
| बैंक तथा वित्तीय संस्थासँग रहेको मौज्दात | ७५,१३९,९७४ | ३७,६२२,००२ |
| अन्य संस्थासँग रहेको मौज्दात | ४,७४६,७४५ | ३४,५०६,०६३ |
| **जम्मा** | ८५,९७७,५१८ | ७७,५७३,३३१ |

नगद तथा नगद समान अन्तर्गत नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात र माग तथा अल्प सुचनामा प्राप्त हुने रकम पर्दछ । यस्ता नगद तथा नगद समानहरुको उचित मूल्यमा हुने परिवर्तनको जोखिम एकदमै कम हुन्छन् र संस्थाले यी सम्पत्तिहरुको प्रयोग अल्पकालिन प्रतिवद्धता पुरा गर्न गर्दछ ।

बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात अन्तर्गत क वर्गको बैंकहरुमा रहेको रकम पर्दछ ।
अन्य संस्थासँग रहेको मौज्दात अन्तर्गत राष्ट्रिय सहकारी बैंक लिमिटेड, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड, काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड र आइ.एम.इ. को-अपरेटिभ सर्भिस लि.मा रहेको रकम पर्दछ ।

## ४.२ सदस्यलाई ऋण लगानी

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| घरायसी कर्जा | ५,४१६,२४३ | १०,२२५,२६६ |
| लघु कर्जा | ४२,८९४,६२६ | ४८,९४५,६३९ |
| हायर पर्चेज कर्जा | ५४,६७८,०९७ | ५६,९०६,३२४ |
| आवधिक रसिद धितो कर्जा | ३३,००४,९८१ | ३५,४२४,२१२ |
| छोटो अवधि कर्जा | ४०,५९३,३२० | ३५,४८८,३४४ |
| व्यवसायिक धितो कर्जा | ७८१,९९५,३१९ | ८२३,२६२,७६१ |
| **जम्मा** | ९५८,५८२,५८५ | १,०१०,२५२,५४६ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौं

## ४.३ लगानी सुरक्षणपत्र

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| **शेयरमा लगानी :** | | |
| राष्ट्रिय सहकारी बैंक लि. | ११०,००० | ११०,००० |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड | १,०१२,४०० | १,०१२,४०० |
| जिल्ला सहकारी संघ लि. | ५,००० | ५,००० |
| काठमाडौं बचत तथा ऋण सहकारी सस्था लि. | ११०,००० | ११०,००० |
| नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड | २००,००० | २००,००० |
| **जम्मा** | १,४३७,४०० | १,४३७,४०० |

सहकारीले शेयरमा गरेको लगानी यस अन्तर्गत पर्दछन् । सुचिकृत नगरिएका शेयर सुरक्षणपत्रलाई परल मूल्यमा देखाइएको छ ।

## ४.४ चालु कर सम्पत्ति

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| **चालु कर सम्पत्ति** | | |
| चालु वर्षको आय कर सम्पत्ति | ७३१,११८ | १,०५८,५२६ |
| **चालु कर दायित्व** | | |
| चालु वर्षको आयकर दायित्व | ३७८,४४८ | ५२२,६४७ |
| **जम्मा** | ३५२,६७० | ५३५,८७९ |
| गत वर्षहरुको कर दायित्वहरु | ८४७,०९२ | ४३७,१३८ |
| **जम्मा** | ५३५,८८० | १,११२,३७७ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

## चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौं

### ४.५ सम्पत्ति तथा उपकरण

| विवरण | जग्गा | भवन | फर्निचर तथा फिक्स्चर | कम्प्युटर तथा सामानहरु | कार्यालय उपकरण | कार्यालय पार्टिशन | मोटर साइकल | मारुती भ्यान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **परल मोल** | | | | | | | | | |
| १ श्रावण २०७९ को मौज्दात | ७०,०२४,७८७ | १२,६४४,६८५ | ११७,४८१ | ३५४,२१९ | ३०८,३८५ | ९६,२८० | ४२१,७७५ | ६००,६४६ | ८४,५६८,२५८ |
| यस वर्ष थप | | | ८०,००४ | | | | | | ८०,००४ |
| प्राप्तीबाट थप | | | | | | | | | - |
| यस वर्षको विक्रि/ डिस्पोजल | | | | | | | | | - |
| समायोजन/पुन:मूल्याङ्कन | | | | | | | | | - |
| **आषाढ मसान्त २०८० को मौज्दात** | ७०,०२४,७८७ | १२,६४४,६८५ | १९७,४८५ | ३५४,२१९ | ३०८,३८५ | ९६,२८० | ४२१,७७५ | ६००,६४६ | ८४,६४८,२६२ |
| **ह्रासकट्टी तथा हानी नोक्सानी** | | | | | | | | | |
| १ श्रावण २०७९ को मौज्दात | - | १,२३२,८५७ | ५१,३९८ | १५४,९७१ | १३२,२३१ | ४२,१२३ | ६५,७०२ | २१६,२३३ | १,८९५,५१३ |
| यस वर्षको ह्रासकट्टी | | ५७८,९२५ | २१,५२१ | ४९,८१२ | ४४,०३८ | १३,५३९ | ७१,२१५ | ७६,८८३ | ८५५,९३३ |
| यस वर्षको हानी नोक्सानी | | | | | | | | | - |
| विक्रि/ डिस्पोजल | | | | | | | | | - |
| समायोजन/पुन:मूल्याङ्कन | | | | | | | | | - |
| **आषाढ मसान्त २०८० को मौज्दात** | - | १,८११,७८२ | ७२,९१९ | २०४,७८३ | १७६,२६९ | ५५,६६२ | १३६,९१७ | २९३,११५ | २,७५१,४४७ |
| **खुद किताबी मूल्य** | | | | | | | | | |
| **आषाढ मसान्त २०७९ को मौज्दात** | ७०,०२४,७८७ | ११,४११,८२८ | ६६,०८३ | १९९,२४८ | १७६,१५४ | ५४,१५८ | ३५६,०७३ | ३८४,४१४ | ८२,६७२,७४४ |
| **आषाढ मसान्त २०८० को मौज्दात** | ७०,०२४,७८७ | १०,८३२,९०३ | १२४,५६६ | १४९,४३६ | १३२,११५ | ४०,६१८ | २८४,८५८ | ३०७,५३१ | ८१,८९६,८१५ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौं

## ४.६ ख्याति तथा अमूर्त सम्पत्ति

| विवरण | सफ्टवेयर | जम्मा |
|---|---|---|
| **परल मोल** | | |
| १ श्रावण २०७९ को मौज्दात | २१७,३४० | २१७,३४० |
| यस वर्ष थप | २८७,९८० | २८७,९८० |
| प्राप्तीबाट थप | - | - |
| यस वर्षको विक्रि/ डिस्पोजल | (२१७,३४०) | (२१७,३४०) |
| समायोजन/पुनःमूल्याङ्कन | - | - |
| **आषाढ मसान्त २०८० को मौज्दात** | २८७,९८० | २८७,९८० |

| | | |
|---|---|---|
| **परिशोधन खर्च** | | |
| १ श्रावण २०७९ को मौज्दात | ११८,०८३ | ११८,०८३ |
| यस वर्षको ह्रासकट्टी | ४८,८१३ | ४८,८१३ |
| यस वर्षको हानी नोक्सानी | - | - |
| विक्रि/ डिस्पोजल | (११८,०८३) | (११८,०८३) |
| समायोजन | - | - |
| **आषाढ मसान्त २०८० को मौज्दात** | ४८,८१३ | ४८,८१३ |

| | | |
|---|---|---|
| **खुद किताबी मूल्य** | | |
| **आषाढ मसान्त २०७९ को मौज्दात** | ९९,२५८ | ९९,२५८ |
| **आषाढ मसान्त २०८० को मौज्दात** | २३९,१६७ | २३९,१६७ |
| **आषाढ मसान्त २०७८ को मौज्दात** | ८४,९९७ | ८४,९९७ |
| १ श्रावण २०७७ को मौज्दात | ८४,९९७ | ८४,९९७ |
| यस वर्षको ह्रासकट्टी | ३३,०८६ | ३३,०८६ |
| यस वर्षको हानी नोक्सानी | - | - |
| विक्रि/ डिस्पोजल | - | - |
| समायोजन | - | - |
| **आषाढ मसान्त २०७८ को मौज्दात** | ११८,०८३ | ११८,०८३ |
| **खुद किताबी मूल्य** | | |
| **आषाढ मसान्त २०७८ को मौज्दात** | ३०८,९५५ | ३०८,९५५ |
| **आषाढ मसान्त २०७९ को मौज्दात** | ९९,२५८ | ९९,२५८ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौं

### ४.७ स्तगन कर सम्पत्ति

| विवरण | यस वर्ष | | |
|---|---|---|---|
| | स्थगन कर सम्पत्ति | स्थगन कर दायित्व | खुद स्थगन कर सम्पत्ति/(दायित्व) |
| **अस्थाई भिन्नतामा स्थगन कर** | | | |
| सम्पत्ति तथा उपकरण | | ५४,६५६ | (५४,६५६) |
| व्यवस्था | २६०,४३६ | | २६०,४३६ |
| अन्य अस्थायी भिन्नताहरु | | | |
| **अस्थाई भिन्नतामा स्थगन कर** | | | २०५,७८१ |
| अघि सारेको अनुपयोग कर घाटामा स्थगन कर | | | - |
| करको दरमा परिवर्तनले सिर्जना भएको स्थगन कर | | | - |
| **आषाढ मसान्त २०८० मा खुद स्थगन कर सम्पत्ति/(दायित्व)** | | | २०५,७८१ |
| १ श्रावण २०७९ मा स्थगन कर (सम्पत्ति)/दायित्व | | | ९८,३५३ |
| **यस वर्ष सिर्जना भएको/(फिर्ता भएको)** | | | (१०७,४२८) |
| नाफा नोक्सान हिसाबमा देखाइएको स्थगन कर खर्च/(आम्दानी) | | | (१०७,४२८) |
| इक्विटीमा सिधै देखाइएको स्थगन कर खर्च/(आम्दानी) | | | - |

### ४.८ अन्य सम्पत्ति

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| अग्रिम भुक्तानी | २००,००० | १२०,१२५ |
| मसलन्द तथा अन्य मौज्दात | ३५५,६२७ | ३२५,७५० |
| फूटकर टिकाउ | ८६,१३५ | ६९,६८७ |
| धरौटी | १०९,९०० | १०९,९०० |
| कर्मचारी पेश्की | २८,२०० | २६८,३२७ |
| अन्य पेश्की | १,१८१,३१५ | १,४६८,९०० |
| लिन बाँकी आसामी | ८६०,७७५ | ४५०,८३० |
| अग्रीम भुक्तानी विमा | १८७,६५३ | ९१,८३९ |
| उपकार चाउचाउ | १,०००,००० | १,०००,००० |
| **जम्मा** | ४,००९,६०५ | ३,९०५,३५७ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौं

### ४.९ सदस्यबाट निक्षेप

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| अनिवार्य बचत | ४८,६९३,७१६ | १९,१८२,२५७ |
| कारोबार बचत | २०६,८२७,८२० | ३०८,१७५,८२३ |
| आवधिक (मुद्दती) निक्षेप | ७४५,४६५,७०७ | ७३८,२६३,९६१ |
| **जम्मा** | १,०००,९८७,२४३ | १,०६५,६२२,०४० |

### ४.१० तिर्न बाँकी कर्जा सापटी

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| बैंक तथा वित्तीय संस्थाहरुबाट | - | - |
| अन्य संस्थाबाट | १०,०००,००० | - |
| **जम्मा** | १०,०००,००० | – |

### ४.११ व्यवस्था

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| जोखिम बेहोर्ने कोष | १०,६५१,५४२ | १०,१०२,५२५ |
| कर्मचारी उपदान कोष | २,५९४,१८४ | २,१३९,९११ |
| कर्मचारी विदा कोष | १०,१८९ | १७,५४० |
| **जम्मा** | १३,२५५,९१४ | १२,२५९,९७७ |

### ४.१२ अन्य दायित्व

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| स्रोतमा करकट्टी तिर्न बाँकी | २,९२१,२०७ | २,८२२,७६० |
| तिर्न बाँकी ब्याज | २२,९७४,४५७ | १९,१४५,७२६ |
| तिर्न बाँकी लेखापरीक्षक शुल्क | १४७,७५० | १४७,७५० |
| नेपाल टेलिकम लि. | - | - |
| क्रेडिटर्स तथा बक्यौता | - | ४५५,६२० |
| अन्य | - | - |
| **जम्मा** | २६,०४३,४१४ | २२,५७१,८५७ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौं

## ४.१३ शेयर पूँजी

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| साधारण शेयर | ४७,४७६,००० | ४२,७०७,००० |
| **जम्मा** | ४७,४७६,००० | ४२,७०७,००० |
| **साधारण शेयर** | | |
| **विवरण** | **यस वर्ष** | **गत वर्ष** |
| **अधिकृत पूँजी** | | |
| ५,००,००० साधारण शेयर प्रति रु. १०० | ५०,०००,००० | ५०,०००,००० |
| **जारी पूँजी** | | |
| ४,७४,७६० साधारण शेयर प्रति रु. १०० | ४७,४७६,००० | ४२,७०७,००० |
| **जम्मा** | ४७,४७६,००० | ४२,७०७,००० |

## ४.१४ जगेडा तथा अन्य कोषहरु

| विवरण | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०७९ |
|---|---|---|
| साधारण जगेडा कोष | २५,३६६,५७१ | २१,२२८,८०४ |
| संरक्षित पूँजी फिर्ता कोष | १,४१५,४४७ | ३,१८४,८१० |
| सहकारी प्रबर्द्धन कोष | १२३,१५१ | ९४,८४२ |
| लाभांश कोष | ३,३७४,४२६ | ४,४९९,४४२ |
| कर्मचारी बोनस कोष | ७१०,६८५ | ९५०,८२६ |
| सहकारी बिकास कोष | २१०,९०२ | २५६,९२८ |
| सहकारी शिक्षा तथा तालिम कोष | २१०,९०२ | २५६,९२८ |
| घाटापूर्ति कोष | २१०,९०२ | २५६,९२८ |
| सदस्य हित कोष | २,७६६,९६७ | २,१३५,४६५ |
| स्थिरीकरण कोष | ५४९,०२० | ५४९,०२० |
| **जम्मा** | ३४,९३८,९७१ | ३३,४१३,९९३ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौं

## ४.१५ ब्याज आम्दानी

| विवरण | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको |
|---|---|---|
| सदस्यलाई दिएको कर्जा तथा सापट | १३५,३४६,५५४ | १३३,०९३,०६४ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | १,२९५,८९६ | ९३७,००८ |
| अन्य | - | २,४३०,६७३ |
| **जम्मा ब्याज आम्दानी** | १३६,६४२,४५० | १३६,४६०,७४५ |

## ४.१६ ब्याज खर्च

| विवरण | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको |
|---|---|---|
| सदस्यको निक्षेप | ११९,१७६,२९८ | ११६,४९५,०३४ |
| बैंक तथा वित्तीय संस्थाको सापटी | - | - |
| अन्य संस्थाको सापटी | ९८७,४६६ | - |
| **जम्मा ब्याज खर्च** | १२०,१६३,७६४ | ११६,४९५,०३४ |

## ४.१७ शूल्क तथा कमिशन आम्दानी

| विवरण | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको |
|---|---|---|
| कर्जा व्यवस्थापन तथा प्रशासनिक शुल्क | १०,७९२,९३५ | १४,१९६,५२१ |
| सेवा शुल्क | - | ३७,०४२ |
| अन्य शूल्क तथा कमिशन आम्दानी | १०९,८४९ | १५४,९०० |
| **जम्मा शूल्क तथा कमिशन आम्दानी** | १०,९०२,७८४ | १४,३८८,४६३ |

## ४.२० अन्य संचालन आम्दानी

| विवरण | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको |
|---|---|---|
| संरक्षित पूँजी फिर्ता आम्दानी | - | ५३,८५२ |
| विविध | २४३,६६८ | ९५,८५८ |
| **जम्मा अन्य संचालन आम्दानी** | २४३,६६८ | १४९,७१० |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौं

## ४.२१ कर्जाको नोक्सानी व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी

| विवरण | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको |
|---|---|---|
| सदस्यलाई दिएको कर्जा तथा सापटीमा नोक्सानी व्यवस्था/(फिर्ता) | ५४९,०१६ | ४,६५०,०५७ |
| सम्पत्ति तथा उपकरणमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| ख्याती र अमुर्त सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| **जम्मा** | ५४९,०१६ | ४,६५०,०५७ |

## ४.२२ कर्मचारी खर्च

| विवरण | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको |
|---|---|---|
| तलव तथा भत्ता | ९,४३८,५७३ | ९,८०९,९१३ |
| चाडपर्व भत्ता | ८०२,९८५ | ७८९,५३५ |
| कर्मचारी औषधी उपचार भत्ता | ७४७,४१० | ७९७,०३५ |
| संचय कोषमा योगदान | ६१३,८४० | ६४२,२९४ |
| कर्मचारी बोनस खर्च | ७१०,६८५ | ९५०,८२६ |
| कर्मचारी उपदान खर्च | ४५४,२७३ | ४७८,९२१ |
| कर्मचारी तालिम खर्च | ६३,००० | १३,५६० |
| कर्मचारी बिदा खर्च | ३८५,८३३ | १३४,९०० |
| कर्मचारी पोषाक खर्च | ९,००० | १४३,२५० |
| **जम्मा** | १३,२२५,५९८ | १३,७६०,२३४ |

## ४.२३ अन्य संचालन खर्च

| विवरण | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको |
|---|---|---|
| संचालक तथा अन्य समितिको बैठक भत्ता | ४९१,००० | ५२४,००० |
| वार्षिक साधारण सभा बैठक खर्च | २,१०६,२७८ | १,७९४,३७० |
| लेखापरीक्षण शुल्क | १५०,००० | १५०,००० |
| व्यवसायिक तथा कानुनी खर्च | ४८०,००० | - |
| कार्यालय प्रशासनिक खर्च | २,०२८,९५० | ३,२१२,५४० |
| **जम्मा अन्य संचालन खर्च** | ५,२५६,२२८ | ५,६८०,९१० |

कार्यालय प्रशासनिक खर्चको विवरण देहायबमोजिम रहेको छ।

### ४.२३.१ कार्यालय प्रशासनिक खर्च

| विवरण | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको |
|---|---|---|
| बिजुली तथा पानी | १०६,३३९ | ११४,२८४ |
| मर्मत तथा सम्भार | ७०,२४९ | १८४,५४१ |
| वीमा खर्च | ३४,९३४ | १२६,६३७ |
| पास्टेज, टेलेक्स, टेलिफोन, फ्याक्स सम्बन्धि खर्च | ७४,५०५ | ७९,०२० |
| मसलन्द तथा छपाई | १८८,२६४ | २०३,९३२ |
| क्यालेण्डर छपाइ तथा वितरण खर्च | २१७,९७९ | २८०,७५० |
| विविध उत्सव तथा समारोह | १२८,६७६ | ३७०,९९० |
| शूल्क, दस्तुर तथा नविकरण | १७९,४५२ | १२०,७९३ |
| सवारी इन्धन खर्च | ६४१,४५४ | ५११,९१५ |
| कोभिड रोकथाम खर्च | - | २,२०० |
| कार्यालय चियापान तथा खाजा खर्च | ५७,६४९ | २२,७४७ |
| सरसफाइ खर्च | २७,३२४ | २८,५६७ |
| आर्थिक सहयोग खर्च | २२,००० | ३६,३०० |
| पत्रपत्रिका खर्च | ४९,०४३ | १२३,७०१ |
| परिवहन खर्च | - | - |
| बार्षिक सफ्टवेयर खर्च | - | ५६,५०० |
| सफ्टवेयर अपलेखन खर्च | ९९,२५८ | १७६,६११ |
| विविध खर्च | १३१,८२५ | ७७३,०५३ |
| **जम्मा कार्यालय प्रशासनिक खर्च** | २,०२८,९५० | ३,२१२,५४० |

### ४.२४ ह्रास तथा परिशोधन खर्च

| विवरण | १ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्मको | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको |
|---|---|---|
| सम्पत्ति तथा उपकरणमा ह्रासकट्टी | ८५५,९३३ | ९२१,८८७ |
| अमुर्त सम्पत्तिको परिशोधन | ४८,८१३ | ३३,०८६ |
| **जम्मा ह्रास तथा परिशोधन खर्च** | ९०४,७४६ | ९५४,९७३ |

## ५. प्रतिवेदन मिति पछिका घटनाहरू

प्रतिवेदन मिति पछिका घटनाहरू त्यस्ता अनुकुल वा प्रतिकुल घटनाहरू हुन्, जुन प्रतिवेदन मिति देखि वित्तीय विवरण जारी गर्नका लागि अनुमोदन गरिएको मितिका बिच घटित हुन्छन् । प्रतिवेदनको मितिको अन्त्यमा सो घटनाहरू घटित हुने अवस्थाको प्रमाण हुने घटनाहरू प्रतिविम्बित हुने गरी वित्तीय विवरणमा लेखाङ्कन गरी सम्बन्धित खुलासाहरू पनि समायोजित गरिन्छ । प्रतिवेदनको मितिको अन्त्यमा सो घटनाहरू घटित हुने अवस्थाको प्रमाण नहुने घटनाहरू वित्तीय विवरणमा समायोजन गरिंदैन ।

## ६. सम्बन्धित पक्षहरूसँग सम्बन्धित खुलासा

सहकारी संस्थाको सञ्चालक समितिका सदस्य तथा मुख्य व्यवस्थापनका सदस्यहरूलाई सम्बन्धित पक्ष भनिएको छ । उनीहरूको विवरण यस प्रकार रहेको छ ।

| क्र.स | नाम | पद |
|---|---|---|
| | **संचालक समिति** | |
| १ | राम नारायण घिमिरे | अध्यक्ष |
| २ | बेली मैंया घले | उपाध्यक्ष |
| ३ | राम तामाङ्ग | सचिव |
| ४ | राजु कार्की | कोषाध्यक्ष |
| ५ | तीर्थ कुमार लामा | संचालक सदस्य |
| ६ | लक्ष्मण बलामी | संचालक सदस्य |
| ७ | नानु थापा (पण्डित) | संचालक सदस्य |
| | **लेखा समिति** | |
| १ | बिमल बिक्रम बानियाँ | संयोजक |
| २ | बसन्त महर्जन | सदस्य |
| ३ | माधव प्रसाद रेग्मी | सदस्य |
| | **ऋण उपसमिति** | |
| १ | राम तामाङ्ग | संयोजक |
| २ | रवि कार्की | सदस्य |
| ३ | पूर्ण प्रसाद श्रेष्ठ | सदस्य |
| | **व्यवस्थापन समूह** | |
| १ | प्रविण सिलवाल | प्रबन्धक |

**कुनै सल्लाह सुझाव भएमा:** ______________________________

ANNUAL REPORT 022-023
पन्ध्रौं वार्षिक प्रतिवेदन
आ.व. २०७९/८०

## निक्षेप (Deposit)

| निक्षेप | बार्षिक ब्याजदर |
|---|---|
| नियमित बचत | ८.००% (दैनिक मौज्दातमा)* |
| देवदर्शन पेन्सन बचत | ३ वर्ष (प्रति १ लाखको मासिक रु १०००/-) |
| बाल शैक्षिक बचत | २ वर्ष ११.००% |
| | ५ वर्ष १२.५०% |
| | १० वर्ष १५.००% |
| नारी उत्थान बचत | १०.५% (आवधिक) |
| किसान बचत | ७.००% (मासिक न्यूनतम बचतमा) |
| साधारण बचत | ७.००% (मासिक न्यूनतम बचतमा) |
| देवदर्शन विशेष बचत | ५.००% (दैनिक मौज्दातमा)* |
| देवदर्शन कल बचत | ६.००% (दैनिक मौज्दातमा)* |
| गोल्डन बचत | ७.००% (दैनिक मौज्दातमा)* |
| बोनस बचत | ८.००% (दैनिक मौज्दातमा)* |

*शर्त लागु हुनेछ ।

## आवधीक निक्षेप (Term Deposit)

| अवधि | त्रैमासिक ब्याज भुक्तानी | वार्षिक ब्याज भुक्तानी | एकमुष्ठ ब्याज भुक्तानी |
|---|---|---|---|
| ६ महिना | - | - | १०.००% |
| १ वर्ष | ११.००% | १२.००% | १२.००% |
| २ वर्ष | १२.००% | १२.५०% | १३.००% |
| ३ वर्ष | १३.००% | १३.५०% | १४.००% |

## अवधि बचत (Periodic Savings)

| अवधि | वार्षिक ब्याजदर | अवधि | वार्षिक ब्याजदर |
|---|---|---|---|
| ३ महिना | ९.००% | २ वर्ष | ११.००% |
| ६ महिना | ९.५०% | ३ वर्ष | ११.५०% |
| ९ महिना | १०.००% | ४ वर्ष | १२.००% |
| १ वर्ष | १०.५०% | ५ वर्ष | १२.५०% |

## कर्जा तथा सापट योजना (Loans and Advances Scheme)

| कर्जा शिर्षक | बार्षिक ब्याजदर घट्दोदर |
|---|---|
| देवदर्शन पुलेसो कर्जा (Dev Darshan Bridge Loan) | १६.००% |
| आवधिक कर्जा (Term Loan) | १६.००% |
| छोटो अवधि कर्जा (Short Term Loan) | १६.००% |
| व्यापारीक कर्जा (Trading Loan) | १६.००% |
| घर कर्जा (Home Loan) | १६.००% (मासिक किस्ता प्रणाली) |
| हायर पर्चेज कर्जा (Hire-purchase Loan) | १६.००%* |
| महिला उद्यमी कर्जा (Mahila Uddhami Karja) | १६.००% |
| शेयरसदस्य सहुलियत कर्जा (Share Sahuliyat Karja) | १६.००% |
| सामूहिक जमानी कर्जा (Group Gurantee Loan) | १६.००% |
| कृषि कर्जा (Agriculture Loan) | १६.००% |
| गरिबी निवारण कर्जा (Garibi Niwaran Karja) | १६.००% |
| लघु कर्जा (Laghu Karja) | १६.००% |
| अन्य कर्जा (Miscellaneous Loan) | १६.००% |
| आवधीक रसिद धितो कर्जा (FDR) | (थप) ३.००%* |

### बचत खाताका विशेषताहरु

- जति धेरै बचत रकम उति धेरै ब्याज
- तिन तिन महिनामा ब्याज भुक्तानी
- आवधीक बचतमा १४.००%* ब्याज
- चाहे अनुसारको रकम राख्न र झिक्न सकिने
- सन्ध्याकालीन काउन्टरको व्यवस्था

ज्येष्ठ सदस्य महानुभावहरुको लागि मासिक ब्याज भुक्तानी हुने गरी पेन्सन बचत योजना

रेमिट्यान्स सुविधाहरु

Prabhu Money Transfer प्रभु रेमिटान्स

IME International Money Express A Complete Money Transfer Solution

himal remit हिमालरेमिट सम्पन्न पार्दछ जिन्दगी

# नियमित बचतमा ८% ब्याज


देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.
चौधौं वार्षिक साधारण सभा
मिति : २०७९ पुस २२ गते, शुक्रबार ।
स्थान : ग्रिनल्याण्ड ब्याङ्क्वेट, चन्द्रागिरि-७ ।
DEV DARSHAN SAVING & CREDIT
चौधौं
वार्षिक


वार्षिक साधारण सभा


देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.
वार्षिक साधारण सभा
चौधौं
वार्षिक

देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.
चौधौं वार्षिक साधारण सभा


## सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरु

१) स्वेच्छिक तथा खुल्ला सदस्यता

२) सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण

३) सदस्यहरुको आर्थिक सहभागिता

४) स्वायत्तता तथा स्वतन्त्रता

५) शिक्षा, तालिम र सूचना

६) सहकारी संस्थाहरुका बिच सहयोग

७) समुदाय प्रति चासो


देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

DEV DARSHAN SAVING & CREDIT CO-OPERATIVE LTD.

चन्द्रागिरि न.पा.- ५, दाउराडिपो, काठमाडौं फोनः ४३१६११७, ४३१६११८, ४३१६१२५

devdarshansaving@gmail.com devdarshansaccos.coop.np